मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १४ • २०८२ साल मंसिर ०८ गते सोमबार • Monday 24, November 2025 • सूर्योदयः बिहान ०६:३२ बजे • सूर्यास्तः साँझ ५:१२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## एकल चिह्नमा चुनाव लड्ने तीन पार्टीको सहमति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, रेशमलाल चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी र राजेन्द्र महतो अध्यक्ष रहेको राष्ट्रिय मुक्ति पार्टीबीच एकल चुनाव चिह्नमा चुनाव लड्ने सहमति भएको छ । पार्टीका तीनै नेताले आइतबार सहमतिपत्रमा हस्ताक्षर गरेका छन् ।

उनीहरुले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा एकल चुनाव चिह्नमा हाल नाउपामा कायम रहेको जाँतो (चकिया) चुनाव चिह्न प्रयोग गर्ने सहमति भएको छ ।

उनीहरुले विचार मिल्ने अन्य पार्टीलाई समेत एकल चुनाव चिह्नमा आउन आह्वान गरेका छन् ।

# विवाहपञ्चमी महोत्सवको चौथो दिन तिलकोत्सव





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सीताराम विवाहपञ्चमी महोत्सवको चौथो दिन तिलकोत्सव भएको छ । आइतबार राममन्दिरको प्राङ्गणमा तिलकोत्सव विधि गरिएको हो । त्रेता युगमा भगवान राम र सीताको विवाह भएको सम्झनामा जनकपुरधाममा एक सातासम्म मनाइने विवाहपञ्चमी महोत्सवअन्तर्गत तिलकोत्सव मनाइएको हो । जानकी मन्दिरबाट 'भार' लिएर जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव राम मन्दिर पुगेका थिए ।

विवाहपञ्चमी कार्यक्रमअन्तर्गत तिलकोत्सवमा जानकी मन्दिरका उत्तराधिकारी महन्थ दास र अयोध्या दरबारको प्रतिनिधित्व गर्ने जनकपुरधामस्थित राम मन्दिरका महन्थ राम गिरीले अंकमाल गरेका छन् । जसलाई मिथिला क्षेत्रमा 'सम्धी' मिलन भनिन्छ । तिलकोत्सवको अवसरमा दुवै पक्षबीच हासपरिहास कार्यक्रम भएको थियो । तिलकोत्सव कार्यक्रममा जानकी मन्दिरबाट फलफूल, मिष्ठान लिएर श्रद्धालु राम मन्दिरको प्राङ्गणमा पुगेर तिलकोत्सव कार्यक्रममा सहभागी भएका थिए । तिलकोत्सवमा दुलही पक्षको प्रतिनिधित्व गर्दै जानकी मन्दिरका उत्तराधिकारी महन्थ दासले पाहुर 'भार' दुलहा पक्षका प्रतिनिधित्व गरेका राम मन्दिरका महन्थ गिरीलाई हस्तान्तरण गरी सम्धी मिलन गरेका थिए । त्रेतायुगमा मङ्सिर शुक्ल पञ्चमीका दिन भगवान् राम र सीताको विवाह जनकपुरधाममा भएको सम्झनास्वरूप परापूर्वकालदेखि धुमधामसँग विवाहपञ्चमी महोत्सव मनाउने गरिन्छ ।

भारतको अयोध्या र वृन्दावनबाट साधुसन्त, महन्थ, योगी, सन्न्यासी, व्यापारी, बुद्धिजीवी तथा अन्य क्षेत्रका व्यक्ति जन्तीका रूपमा आएका छन् । अब विवाहपञ्चमीको पाँचौ दिन सोमबार जानकीको मटकोर हुनेछ ।

मटकोर विधि गंगासागर पोखरीमा हुनेछ भने मंगलबार विवाह पञ्चमीको मुख्यदिन जानकी स्वयम्बर तथा राति जानकी मन्दिरमा वैवाहिक कार्यक्रम छ । बुधबार रामकलेवा गरेसँगै यसवर्षको विवाहपञ्चमी विधिवत रुपमा सम्पन्न हुनेछ ।

**जनकपुरका विद्यालय तीन दिन बन्द**

विवाहपञ्चमी मेलाका कारण सोमबारदेखि मधेश प्रदेशका विद्यालय तीन दिन बन्द हुने भएको छ । रामजानकी विवाहपञ्चमीको अवसरमा धेरै भिडभाड हुने भएकाले विद्यालय बन्द गर्ने निर्णय गरेको संस्थागत विद्यालयहरुको संस्थाले जनाएको छ ।

प्याब्सन, एन–प्याब्सन र हिसान जनकपुरधामले आइतबार संयुक्त विज्ञप्ति जारी गरेर मङ्सिर ८ गतेदेखि १० गते(तीन दिन) विद्यालय बन्द रहने जानकारी गराएका हुन् । विज्ञप्तिमा विवाह महोत्सवको भीड व्यवस्थापन तथा श्रद्धालु भक्तजनको सुविधालाई दृष्टिगत गर्दै यस्तो निर्णय गरिएको उल्लेख छ ।

विवाह महोत्सवमा भारतका विभिन्न राज्यबाट समेत ठूलो संख्यामा भक्तजन जनकपुरधाम आउने भएकाले विद्यालय भवनलाई बासस्थानका रूपमा प्रयोग गर्न अनुरोधसमेत गरिएको छ ।

यस्तै, विद्यालयहरूले शौचालय तथा पानीको सहज व्यवस्था मिलाउनलाई अपिलसमेत गरेका छन् ।

**माछा–मासु र मदिरा बिक्री वितरणमा रोक**

विवाहपञ्चमी महोत्सवका अवसरमा जनकपुरधाममा आइतबारदेखि तीन दिनसम्म माछा–मासु र मदिरा बिक्री वितरणमा जिल्ला प्रशासन कार्यालय धनुषाले रोक लगाएको छ । आइतबार राति १२ बजेदेखि १० गते राति १२ बजे सम्मका लागि रोक लगाएको हो ।

विवाहपञ्चमी महामहोत्सव यही मङ्सिर ९ गते सुरक्षित, मर्यादित र सौहाद्र्रपूर्ण वातावरणमा मनाउने सन्दर्भमा बसेको सरोकारवालासँगको बैठक तथा जिल्ला सुरक्षा समितिको निर्णयबमोजिम निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको सूचनामा जनकपुरधाम उपमहानगरपालिकाको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री–वितरण, पशुपक्षी मारकाट, माछा मासु बिक्री–वितरण, उत्पादनलगायत अन्य नसालु पदार्थको सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको उल्लेख छ ।

सूचना विपरीत निषेधित क्षेत्रमा कार्य गरिएमा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही भई जाने व्यहोरा उल्लेख गरिएको छ । मिथिलाको सांस्कृतिक, धार्मिक र पौराणिक पर्वका रुपमा रहेको रामजानकी विवाह महोत्सवलाई लक्षित गरी निषेध गरिएको सहायक प्रजिअ दाहालले बताए ।

यसैबीच, विवाहपञ्चमी महोत्सवमा कुनै अप्रिय घटना हुन नदिन तथा शान्तिसुरक्षा प्रभावकारी बनाउन जनकपुरधाममा नेपाल प्रहरी र शास्त्र प्रहरीका गरी करिब दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए।

## सर्वोच्चको आदेशपछि प्रसाईं रिहा



**काठमाडौँ ।**
सर्वोच्च अदालतले मेडिकल व्यवसायी तथा राष्ट्र, राष्ट्रियता, धर्म–संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंलाई थुनामुक्त गर्न आदेश दिएको छ । अदालतको आदेशपछि आइतबार साँझ नै प्रसाईं रिहा भएका छन् ।

न्यायाधीशद्वय नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले प्रसाईंका छोरा निराजन प्रसाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिटमा आदेश जारी गर्दै प्रसाईंलाई तत्काल थुनामुक्त गर्न आदेश गरेको थियो । अदालतको आदेशमा अभिव्यक्तिका कारण मात्र प्रसाईंलाई थुनामा राखिनु संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घन हुने उल्लेख गरिएको छ । साथै शनिबार सरकारसँग महाअभियानले सञ्चालन गर्ने कार्यक्रम शान्तिपूर्ण रूपमा गर्ने सहमति भइसकेकाले बदलिएको परिस्थितिमा प्रसाईंमाथि लगाइएको कसुरमा थप तहकिकात वा हिरासत आवश्यक नपर्ने ठहर गर्दै जारी गरिएको पक्राउपुर्जी तथा म्याद थपका प्रक्रियाहरू बदर गरिएको समेत उल्लेख छ ।

प्रसाईंलाई सार्वजनिक शान्तिमा खलल पु¥याउने अभिव्यक्ति दिएको आरोपमा प्रहरीले मङ्सिर २ गते मध्यराति भक्तपुरस्थित निवासबाट पक्राउ गरेको थियो । महाअभियानले ७ मङ्सिरदेखि नेपाल बन्दसहितका आन्दोलनका कार्यक्रम घोषणा गरेको थियो, तर शनिबार सरकारसँग भएको सहमतिअनुसार आन्दोलनका सबै कार्यक्रम फिर्ता लिइएका छन् ।

## चार महिनापछि शिक्षकलाई तलब

**मधेशदृष्टि**
**सप्तरी ।**
अग्निसाइर कृष्णासवरन गाउँपालिकाका शिक्षकले चार महिनापछि तलब पाएका छन् । गाउँपालिकाको विवादका कारण शिक्षकले तलब पाएका थिएनन् । विद्यालय नै बन्द गरेर गाउँपालिकामा धर्ना दिएपछि शिक्षकले तलब पाएका हुन् । दशैँ तिहारमा पनि शिक्षकले तलब भत्ता पाएका थिएनन् । 'अघिल्लो शुक्रबार साउनदेखि असोजसम्मको तलब पायौँ, दशैँको भत्ता पनि आयो,' आधारभूत विद्यालयका प्रधानाध्यापक दुखन यादवले भने । पालिकाका १६ विद्यालयका शिक्षक र कर्मचारीहरूले लामोसमय आन्दोलन गरेका थिए ।

बिश्रामपुर गाउँपालिकाको अनुरोध

- सार्वजनिक स्थल अतिक्रमण गरी संरचना नबनाउ/सामग्री नराखौँ ।
- जथाभावी फोहोर नफालौँ, फोहोर संकलन गर्ने सवारी साधनमा मात्र फोहोर फाल्ने बानी बसालौँ ।
- आफ्नो घर-आगन वरपर वृक्षरोपण गरी नगरलाई सफा, सुन्दर र हरियाली बनाउन मदत गरौं ।
- घरपालुवा चौपायाहरु छाडा नछाडौँ, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- आफ्नो टोलमा हरेक हप्ताको शनिबार सरसफाई गरौं ।
- सबै प्रकारका व्यापार, व्यवसाय, उद्योग, कल कारखाना अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गराई मात्र सञ्चालन गरौं ।

जनहितमा जारी सन्देश
बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा, मधेश प्रदेश, नेपाल

चलै चलू ! चलै चलू !!
विवाह पञ्चमी अन्तर्गत
मटकोर कार्यक्रम के लेल
कमला कुम्भ सखुवा मरानघाट
चलै चलू !
श्री सीताराम मटकोर महामहोत्सव एवं कमला पूजन मिति २०८२/०८/०८ गते सोमबार (Nov. 24-2024) के कमला बचाउ अभियान के सहकार्यमे जनकपुरधाम स्थित सुन्दर सदन, अग्नीकुण्ड सँ शोभा यात्रा निकाइल के कमला नदीक किनार कमला कुम्भ सखुवा मरानघाट मे किशोरी जी के मटकोर कार्यक्रम महन्थ नवल किशोर शरणजीऽक नेतृत्व मे होव जारहल अछि।
अत: एही शुभ अवसरपर अपने सब श्रद्धालु भक्तजन सँ सादर अनुरोध अछि जे अधिक सँ अधिक संख्यामें उपस्थित भकऽ पुण्यके भागी बनी।
दिनेश प्रसाद यादव
नगर प्रमुख
शहिदनगर नगरपालिका
यदुकूहा, धनुषा

# छ लाख गरिबलाई परिचयपत्र वितरण

काठमाडौँ।
सरकारले देशका विभिन्न ४९ जिल्लाका ६ लाख १५ हजार १६१ जनालाई गरिब परिचयपत्र वितरण गरेको छ। भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सम्बन्धित जिल्लाका स्थानीय तहसँग समन्वय गरी परिचयपत्र वितरण गरेको हो।

अति गरिबलाई रातो, मध्यम गरिबलाई पहँेलो र सामान्य गरिबलाई नीलो परिचयपत्र वितरण गरेको अन्य १५ जिल्लामा पनि परिचयपत्र वितरण गर्न दुई लाख गरिबको पहिचान भएको छ। यी १५ जिल्लामा वितरणका लागि कार्ड छपाइ गरी सम्बन्धित स्थानीय तहलाई पठाएको छ। वितरणको प्रक्रिया सुरु गरिएको छ।

गरिबी न्यूनीकरण गरी गरिब जनतालाई आर्थिक रुपमा आत्मनिर्भर र सक्षम बनाउन सञ्चालित कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन गर्न यो कार्डले सजिलो हुने मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेले जानकारी दिए। परिचयपत्रका आधारमा गरिबले राज्यले प्रदान गर्ने सेवासुविधा उपलब्ध गराइने भएकाले स्थानीय तहमार्फत परिचयपत्र वितरण गरिएको हो।

गरिबीका कार्यक्रम नियमन र एकीकृत नहुँदा दोहोरोपनासहित दुरुपयोग हुने गरेकाले स्थानीय तहले नै गरिबको पहिचान तथा कार्ड वितरणको जिम्मेवारी दिइएको हो। यथार्थ विवरण आउने तथा वास्तविक गरिबको खोजी हुने भएकाले उनीहरुलाई सेवासुविधा तथा सहुलियत उपलब्ध गराउँदा लक्षित वर्गसम्म पुग्ने अपेक्षा राखिएको छ।

परिचयपत्र पाउने गरिबलाई आयमूलक कामका लागि सीप सिकाउनुपर्ने, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्नुपर्ने तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने कार्यलाई तीनै तहका सरकारको समन्वयमा प्राथमिकतामा राखिने छ। बाँकी रहेका १३ जिल्लामा सर्वेक्षण पूरा भएका कारण वितरण कार्य प्रक्रियामा छ। परिचयपत्र वितरण अगावै उनीहरुको घरपरिवार सर्वेक्षण गरेर गरिबको पहिचान तथा वर्गीकरण गरिएको थियो।

गरिब पहिचानका लागि विभिन्न १८ सूचकलाई आधार बनाइएको थियो। यो कार्यक्रमका लागि अहिलेसम्म करिब एक अर्ब रुपैयाँ भन्दा बढी खर्च भइसकेको छ। गरिबी अन्त्य गर्न सरकारले २०५९ सालमा गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण समन्वय बोर्ड गठन गरेर गरिबको खोजी सुरु गरिएको थियो। विसं २०७५ देखि मन्त्रालयले यो कार्यक्रमलाई अगाडि बढाएको हो।

विपन्न तथा गरिबका लागि कार्यक्रम सञ्चालन गरिएको भए पनि वर्गीकरण नहुँदा ती समुदायका लागि सञ्चालित कार्यक्रम दुरुपयोग र दोहोरोपन आएको थियो।परिचयपत्रका आधारमा स्वास्थ्य बिमा, छात्रवृत्ति, सीपमूलक, तामिल, खाद्यसुरक्षालगायत कार्यक्रम प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ। गरिबी निवारणको कार्यक्रमले विपन्न वर्गको जीवनस्तरमा सुधार पुग्ने सहायक प्रवक्ता वाग्लेले विश्वास व्यक्त गरे।रासस

# तीनै सुरक्षा निकायका सवारीसाधन खरिद अन्तिम चरणमा

**काठमाडौँ।**
आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण, भयरहित र स्वतन्त्र वातावरणमा सम्पन्न गर्न गृह मन्त्रालयले तीनै सुरक्षा निकायका लागि आवश्यक सवारीसाधन खरिद प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएको छ।

अर्थ मन्त्रालयबाट खरिद अनुमति प्राप्त भइसकेपछि सवारीसाधन खरिदको प्रक्रिया तीव्र गतिमा अघि बढाइएको गृहमन्त्रीको सचिवालयले जनाएको छ। जेन्जी आन्दोलनका क्रममा पूर्ण रूपमा आगजनी भएर ध्वस्त भएका अत्यावश्यक सवारीसाधनका स्थानमा नयाँ सवारीसाधन उपलब्ध गराउन अर्थ मन्त्रालयले स्रोत उपलब्ध गराएपछि खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको हो।

गृह मन्त्रालयका अनुसार चुनावको वातावरण निर्माण तथा सुरक्षाका लागि आवश्यक सवारीसाधनको अभाव नहोस् भन्ने उद्देश्यले निर्वाचनपूर्व नै सबै सवारीसाधन खरिद गरिनेछ। अर्थ मन्त्रालयबाट नेपाल प्रहरीका लागि नियमित बजेटमार्फत १५६ सवारीसाधन खरिदका लागि रु ३५ करोड ११ लाख स्वीकृत भएको छ। अतिरिक्त १०६ सवारीसाधन खरिद गर्न रु ४५ करोड ३० लाख थप स्रोत अनुमतिसमेत उपलब्ध भइसकेको मन्त्रालयले जनाएको छ।

नेपाल प्रहरीले चालु आर्थिक वर्षमा कुल ८० करोड ४१ लाख रुपैयाँ बराबरका सवारीसाधन खरिद गर्ने तयारी गरेको छ। नियमित बजेटबाट खरिद गरिने १५६ सवारीसाधनमध्ये ७५ पिकअप भ्यान (नियमित गस्तीका लागि), एउटा प्रिजनर भ्यान, २८ वटा कार्यालय प्रयोजनका सवारीसाधन, ४१ वटा विद्युतीय सवारीसाधन तथा १० वटा एस्कर्ट पिकअप भ्यान रहेका छन्।

यस्तै अर्थ मन्त्रालयले सशस्त्र प्रहरीका लागि कुल ५९ सवारीसाधन खरिद गर्न स्रोत अनुमति दिएको छ। जसअन्तर्गत तीनवटा विपद् उद्धारका सवारीसाधन, ५० बोलेरो पिकअप भ्यान, तीनवटा दङ्गा नियन्त्रण ट्रक तथा दुईवटा एम्बुलेन्स रहेको मन्त्रालयले जनाएको छ।

यसैगरी राष्ट्रिय अनुसन्धान विभागका लागि ६ चारपाङ्ग्रे सवारीसाधन खरिद गर्न दुई करोड ८० लाख रुपैयाँ स्रोत अनुमति प्राप्त भएको मन्त्रालयले जनाएको छ। जेन्जी आन्दोलनका क्रममा मुलुकभर नेपाल प्रहरीका ४६५ कार्यालयमा क्षति पुगेकामा अहिले ४४९ कार्यालय मर्मत–सम्भारपछि पुनः सञ्चालनमा आइसकेका छन्। बाँकी १६ कार्यालय पनि मर्मतको अन्तिम चरणमा रहेकाले चाँडै सञ्चालनमा आउने मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले जानकारी दिएको छ। उक्त घटनामा ५७१ विभिन्न किसिमका प्रहरी सवारीसाधनमा क्षति पुगेको थियो।

जेन्जी आन्दोलनका क्रममा सशस्त्र प्रहरी बल, नेपालका ८४ कार्यालयमा क्षति पुगेको थियो भने ६१ सवारीसाधन पूर्ण रूपमा आगजनीमा परेका गृह मन्त्रालयले जनाएको छ। राष्ट्रिय अनुसन्धान विभागअन्तर्गत दुई भवन तथा तीन जिल्ला कार्यालयका भवनमा क्षति पुगेको थियो। त्यस्तै ११ चारपाङ्ग्रे तथा ३० मोटरसाइकलमा क्षति पुगेको थियो। महाशाखाका अनुसार यी क्षतिको अनुमानित लागत करिब रु आठ करोड ९० लाख बराबरको छ।रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यालय, वीरगंजको धितोमा रहेको सम्पत्ति

## पुनः लिलाम बिक्रिको ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेतागर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धीशर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिगलगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/११/१३तथा मिति २०८२/०२/२८ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिने, दास्रो पटक मिति २०८२/०२/२८को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने तथा तेस्रो पटक मिति २०८२/०३/०६को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलाम सूचनाप्रकाशितगर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको **मितिले ८औं दिन (८औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०८/१५गते सोमवारका दिनदिउँसो ४:००बजे देखि बैंकको मुख्यकार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी , फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्नलिखत शर्तहरुको अधिनमा रहीयो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिनभित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघ संस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

**तपसिल**

| **१)ऋणीको नाम, ठेगाना** |
|---|
| क) औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ र औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ , उद्योग, पर्यटन तथा वन मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, विरगंजमा दर्ता मिति २०७९/०४/३० गते दर्ता भै उधोग दर्ता नं.१४८९३/०७९/८०, अन्तर्गत दर्ता कायमभई कालिकामाई गा.पा. ०२, पर्सामा कार्यालय रहेको **श्री स्वेता कृषिफर्म** (प्रोप्राइटर-**राजेश कुमार चौरसीया**)। **ख**) सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसाद चौरसियाको छोरा जिल्ला पर्सा भेडियारी वडा नं. ०२, हाल जिल्ला, पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने ( ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का., पर्सा) बर्ष ५६ को **राजेश कुमार चौरसीया।** |
| **२) कर्जाको प्रकार:- व्यवसायीक आवधिक कर्जा, व्यक्तिगत अधिविकर्ष कर्जा, व्यक्तिगत आवधिक कर्जा,** |
| **३) कर्जाको सुरक्षण विवरण:** |
| **क**) सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसादचौरसियाको छोरा जिल्लापर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला पर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.पर्सा) बर्ष ५६ को राजेश कुमार चौरसीयाको नाममादर्ता कायम रहेको जिल्ला पर्सा मुडली नौ.त.ज. वडा नं ०७ स्थित किता नं **६७१ र ६३९** को जम्मा क्षेत्रफल क्रमश:**००९०१.८४ र ००८३७.०० वर्ग मिटर** को घरजग्गा। **ख**) सत्यनारायण प्रसाद बरैको नाति, जयनारायण प्रसादचौरसियाको छोरा जिल्लापर्सा भेडियारी वडा नं. ०२ हालजिल्लापर्सा कालिकामाई गा.पा. ०२ मा बस्ने ( ना.प्र.न. १३५९२१११,जारी मिती २०४४/१२/०४ जि.प्र.का.पर्सा) बर्ष ५६ को राजेश कुमार चौरसीयाको नाममादर्ता कायम रहेको जिल्लापर्सा हरिहरपुर वडा नं ०१ स्थितकिता नं.**३७७**को जम्मा क्षेत्रफल**२५७०.०० वर्ग मिटर** को घरजग्गा। |
| **४) व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) जयनारायण प्रसाद चौरसियाको बुहारी ,राजेश कुमार चौरसीयाको पत्नि, जिल्ला पर्सा भेडियारी वडा नं. ०२ , हाल जिल्ला पर्सा, कालिकामाई गा.पा. ०२ मा बस्ने (ना.प्र.न. ३४३०१६/९७, जारी मिती २०६४/०१/०९ जि.प्र.का., पर्सा) बर्ष ५० की **कल्पना देवि चौरसिया।** |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगतजमानीदिनेहरुलाई सूचना :** उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिनधितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्तदिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखितधितो सम्पत्ति लिलाम बिक्रीगरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचितमूल्यप्राप्तनभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ (६) अनुसार सकार गरि लियो भनीकहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्रीगर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुलउपर गरिने ब्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराईएको छ। |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गिता मन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कलप्रति साथ पेश गर्नु पर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिनभित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्ने गरी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्तानम्बर अनुसार बिक्रीगर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्र दाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ मंसिर १४ गते आइतबार दिउँसो ४:०० बजे सम्म।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ मंसिर १५ गते सोमबार दिउँसो ४:०० बजे देखि।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनकालागि मात्र प्रयोग गरिएको।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजतपत्रप्राप्तवित्तिय संस्था**

**प्रधानकार्यालयः**
**गीतामन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज।
टेडारोड, चोर्नी, (जीतपुर)।


# निर्वाचनको विकल्प छैनः दाहाल

**नुवाकोट।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा जारी अस्थिर राजनीतिक परिवेषर्लाई निर्वाचनमार्फत समाधान गर्न सकिने बताएका छन। नुवाकोटको पञ्चकन्या गाउँपालिका–३ मा आईतवार घलेगाउँ सांस्कृतिक भवनको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री दाहालले नेपाली नागरिकको आत्मनिर्णयको अधिकार जोखिममा परेकाले त्यसको पुनःस्थापनाका लागि एकमात्र विकल्प निर्वाचन रहेको बताए। त्यसका लागि तोकिएको समयमा निर्वाचन गराउन राष्ट्रिय राजनीतिक एकताको आवश्यकता रहेको उनको भनाइ थियो।

'कम्युनिष्ट घटकमात्र होइन कांग्रेस लगायतका सम्पूर्ण राजनीतिक शक्ति एकजुट भएर चुनाव सम्पन्न गर्न केन्द्रित हुनुपर्छ,' संयोजक दाहालले भने, 'फागुन २१ गते समयको अभावले चुनाव हुन नसक्रे भएमा आगामी वैशाखदेखि जेठ पहिलो सातासम्ममा ताजा जनादेश लिनुपर्छ। देशमा जारी अस्थिरतार्लाई निकास दिएर नयाँ गतिमा अघि बढ्नुपर्छ।'

चुनावका लागी नेपाली कांग्रेससहितका दल तयारीमा लागिसकेकाले नेकपा (एमाले)ले पनि सहभागी हुने संयोजक दाहालले विश्वास व्यक्त गरे। 'सबै शक्ति एकजुट भएर चुनावमा लाग्नुपर्छ यसमा नै सबैको भलो हुन्छ,' संयोजक दाहालले भने।रासस

# राजेन्द्र श्रेष्ठसहित नेताहरूले छाडे जसपा

**काठमाडौँ।**
जनता समाजवादी पार्टी (जसपा) का संघीय परिषद् अध्यक्ष राजेन्द्र प्रसाद श्रेष्ठसहितका केही नेताहरूले पार्टी त्यागेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सँग एकता गर्ने घोषणा गरेका छन्।

श्रेष्ठसँगै रणध्वज लिम्बू (कन्दङ्वा), परशुराम बस्नेत, दुर्गामणि देवान, डा. पुष्पराज राजकर्णिकार र कृष्णबहादुर घजुललगायत नेताहरूले जसपा परित्याग गर्दै नेकपा प्रवेशका लागि सहमति गरेको जनाएका छन्।

जसपा र नेकपाबीच पार्टी एकीकरणका विषयमा केही समयदेखि छलफल भए पनि आन्तरिक सहमति नजुटेपछि उनीहरूले पृथक भएर एकताको बाटो रोजेको बताइएको छ।

जेन्जी आन्दोलनपछि बनेको नयाँ राजनीतिक परिस्थितिले २०६२–६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धि जोखिममा परेको दाबी गर्दै नेताहरूले समान धारका अग्रगामी तथा परिवर्तनवादी शक्तिसँग एकीकृत भएर वर्तमान ध्रुवीकरणको अवस्थामा दृढतापूर्वक उभिनुपर्ने आवश्यकता महसुस भएको उल्लेख गरेका छन्।

# हुलाकी राजमार्ग धनुषा खण्डमा पुल निर्माणमा ढिलाइ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हुलाकी सडक योजना कार्यालय जनकपुरले तोकिएअनुसारको काम गर्न सकेको छैन । योजनाअनुसार कूल ६१ मोटरेबल पुल निर्माण गर्नुपर्ने भए पनि हालसम्म १८ वटाको ठेक्का व्यवस्थापन गर्न सकिरहेको छैन । हुलाकी सडक अन्तर्गत पर्ने २२ निर्माण सम्पन्न भई यातायात सञ्चालनमा आइसकेको छ । अहिले २१ पुल निर्माणको चरणमा रहेका छन् । पुल निर्माणको काम प्रभावकारी हुन नसक्दा स्थानीयले अपेक्षित लाभ हासिल गर्न पाएका छैनन् । आयोजनाअन्तर्गतका सडक कालोपत्रको अन्तिम चरणमा पुगेको भए पनि पुल निर्माणले गति लिनसकेको छैन । स्रोतको अभाव तथा अन्य प्राविधिक समस्याका कारण ठेक्का व्यवस्थापन हुन समय लागेको आयोजनाले जनाएको छ ।

निर्माणको क्रममा रहेका पुललाई शिघ्र सम्पन्न गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यक पहल गरेको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सिरहा–धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन समस्याग्रस्त पुल निर्माणलाई तदारुकता दिन र तीन सिफ्टमा काम गर्न निर्देशन दिएका छन् ।

शुक्रबार स्थलगत निरीक्षण गर्दैमन्त्री घिसिङले ठेक्का सम्झौता भएको १४ वर्ष पुग्दासमेत पुल निर्माण हुन नसकेको, पुन नबन्दा नागरिकले सास्ती खेप्नुपरेको भन्दै समस्या समाधान गर्न निर्देशन दिएका थिए । सोही क्रममा उनले हुलाकी सडकतर्फका सडक तथा पुल निर्माणको प्रगतिका बारेमा चासो राख्दै शीघ्र कार्यान्वयन गर्न आवश्यक निर्देशन दिएका छन् । ठेक्का व्यवस्थापन गर्नुपर्नेलाई तत्काल प्रक्रिया अगाडि बढाउन र निर्माणका क्रममा रहेका पुललाई शीघ्र निर्माण गर्न मन्त्रालयले आवश्यक तदारुकता देखाएको छ ।

हुलाकी सडक आयोजना, जनकपुर खण्डको कुल चार सय तीन किलोमिटरमध्ये अब ६१ किलोमिटर खण्डमात्र कालोपत्र गर्न बाँकी रहेको छ ।

यो खण्डका काम धमाधम भइरहेको र कुनै अवरोध नभएका खण्डमा चालु आवको अन्त्यसम्म एउटा चरणमा पुर्याउन सकिने आयोजनाले जनाएको छ ।

योजना कार्यालयअन्तर्गत पूर्वपश्चिम तथा उत्तरदक्षिण गरी चार सय तीन दशमलव ६८ किलोमिटर सडक रहेको छ । त्यसमा दुई सय ९९ दशमलव ८० किलोमिटर नेपाल सरकारको बजेटबाट निर्माण भएको हो भने एक सय तीन दशमलव ८८ किलोमिटर सडक भारतीय अनुदान रहेको छ । हालसम्म तीन सय ४२ दशमलव ६८ किलोमिटर सडक कालोपत्र भइसकेको योजना प्रमुख कृष्णकुमार महतोले जानकारी दिए ।

सिरहाको बलान कमला सडक (२९ दशमलव ९८ किलोमिटर) कालोपत्र भइसकेको छ । सिरहाको जम्दह लगडी गडियानी (२७ दशमलव ४६ किलोमिटर) सडक भने कालोपत्र हुन बाँकी छ ।

धनुषाको कदमचौक कपतौल तीनकौरिया (३० दशमलव ५८ किलोमिटर) मध्ये २४ किलोमिटर कालोपत्र भएको छ । धनुषाकै यदुकुहा खजुरी महुवा सडक १० किलोमिटरमध्ये छ किलोमिटर कालोपत्र भएको छ । धनुषा र महोत्तरीको जनकपुर बसबिटी हर्दी पोखरी भिण्डा सङ्ग्रामपुर सडकको २० किलोमिटरमध्ये १८ किलोमिटर कालोपत्र भएको छ ।

सर्लाहीको एमआरएम बाँके सङ्ग्रामपुर सडकको (२२ दशमलव ४८ किलोमिटर) मध्ये २० दशमलव ७७ किलोमिटर कालोपत्र भएको छ । सोही जिललको फुलजोर त्रिभुवननगर २३ दशमलव दुई किलोमिटर पूरै कालोपत्र भएको छ । सर्लाहीकै सितलपुर मलङ्गवा खरैइयाटोल (पूर्वपश्चिम हुलाकी) सडकको (४० दशमलव ३७ किलोमिटर) मध्ये ३८ किलोमिटर कालोपत्र भएको छ ।

सर्लाहीको नवलपुर–मलङ्गवा सडकको (२६ दशमलव ५९ किलोमिटर) नै कालोपत्र भएको छ । सोही जिल्लाको नयाँरोड–वरहथवा–मधुवनी को ४० दशमलव ५८ किलोमिटर नै कालोपत्र भएको छ । सो जिल्लाको गोडैता–महिनाथपुर–माधोपुर–जयनगर हनैर्या खण्डको १० किलोमिटर नै कालोपत्र हुन बाँकी रहेको छ ।

भारतीय अनुदानतर्फको धनुषा खण्डको वीरेन्द्रबजार–यदुकुहा–महिनाथपुर सडकको (३२ दशमलव ३१ किलोमिटर)मध्ये ३१ किलोमिटर कालोपत्र भएको छ । जनकपुर–यदुकुहा सडकको (१६ दशमलव ६३ किलोमिटर) मध्ये १२ किलोमिटर कालोपत्र भएको छ । माईस्थान–गौशला सम्सी सडकको (२६ दशमलव ९४ किलोमिटर)मध्ये २६ किलोमिटर कालोपत्र भएको आयोजनाले जनाएको छ ।

यस्तै जलेश्वर–हर्दी सडकको २८ किलोमिटर नै कालोपत्र भएको छ । आयोजनाका लागि चालु आवको असोज मसान्तसम्म रु सात करोड नौ लाखबराबर खर्च भएको छ । हुलाकी सडक तथा पुल निर्माणका लागि ५९ करोड ९० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । जग्गा खरिद, सडक विस्तारका क्रममा सडक सीमाभित्र पर्ने संरचनाको क्षतिपूर्तिका लागि पाँच करोड रुपैयाँ बजेट विनियोजन भएकामा एक करोड तीन लाख ९० हजार रुपैयाँ खर्च भएको छ । रासस

# हैजाविरुद्धको खोप ९० प्रतिशतलाई लगाइयो

**मधेशदृष्टि ।**
**जनकपुरधाम ।**
हैजा रोकथामको लागि सरकारले मधेश प्रदेशमा विशेष अभियान संचालन गरी हैजाविरुद्धको खोप लगाउने कार्य गरेको छ । यस पटक सरकारले बारा र पर्सामा करिब ९० प्रतिशतलाई हैजाविरुद्धको खोप लगाएको जनाएको छ ।

दुई चरणमा सम्पन्न भएको बारामा ८८ दशमलव २५ प्रतिशत र पर्सामा ९० प्रतिशतलाई खोप लगाइएको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिए । उनका अनुसार बारामा तीन लाख २२ हजार ९ सय २६ र पर्सामा पाँच लाख ८९ हजार ३ सय ५४ जनालाई हैजाको महामारीविरुद्ध प्रतिकार्य खोप अभियानअन्तर्गत खोप लगाइएको हो ।

बारा र पर्सामा असोज २६ देखि कात्तिक २ र कात्तिक १३ देखि कात्तिक २७ गतेसम्म एक वर्षमाथिका सबैलाई हैजाविरुद्धको खोप अभियान सञ्चालन गरिएको थियो ।

शाखा प्रमुख डा गौतमले ति दुई जिल्लामा लगाइएको हैजाविरुद्धको खोप अहिलेसम्मकै सबैभन्दा धेरै 'कभरेज' रहेको बताए । उनले भने, 'अहिलेसम्म हैजाविरुद्धको खोप अभियानमा ७० देखि ८० प्रतिशतलाई लगाइने गरिएको थियो, घरघर गएर खोप लगाएइकाले ९० प्रतिशत खोप कभरेज रह्यो ।' यस्तै उनले लगाउन छुटेका १० प्रतिशतलाई नियमित खोप कार्यक्रमअन्तर्गत खोप लगाइएको जानकारी दिए । गत भदौमा बारा र पर्सामा हैजाको प्रकोप फैलिएपछि स्वास्थ्य सेवा विभागले बाराका छ र पर्साका १४ स्थानीय तहमा हैजाविरुद्धको खोप अभियान सञ्चालन गरेको थियो ।

# क्रिकेट खेलाडीले नै सम्याए खेलमैदान

**मधेशदृष्टि**
**सप्तरी ।**
नेट पिचको समस्या झेल्दै आएका सप्तरीका क्रिकेट खेलाडीहरुले आफैँले खेलमैदान पिच गर्न जुटेका छन् । उनीहरु आफै श्रमदान गरेर खेलअैदान पिच गर्न जुटेका हुन् ।

स्थानीय खेलाडीहरुले पिच अभ्यासका लागि राजविराज पाँचस्थित रहेको पविमाबिको क्रिकेट मैदानको दक्षिण भागमा रहेको खालि ठाउँमा पिच निर्माणका लागि श्रमदान गरेर काम शुरु गरेको क्रकेट खेलाडी सुशान्त देवले बताए । उनले अहिले सप्तरीमा क्रिकेट खेल महत्व बढेकाले खेलाडीलाई निरन्तर अभ्यास गर्ने पिच नभएपछि आफूहरु नै श्रमदान गरेर खेल मैदान पिच गर्ने कार्यमा लागेको बताए ।

राजविराजस्थित पविमाबि क्रिकेट मैदानमा क्रिकेट प्रतियोगिता सञ्चालन हुदै आएपनि खेलाडीहरूको लागि आवश्यक पर्ने नेट पिच नहुँदा नियमित अभ्यासमा कठिनाइ भइरहेको पनि सुशान्तले बताए । पिच निर्माणका लागि सम्बन्धित निकाय तथा सरकारको ध्यानाकर्षण तथा सहयोगको खाँचो रहेको सप्तरीका राष्ट्रिय खेलाडी अमित यादवले औँल्याए ।

खेल मैदानमा पिच नभएका कारण जिल्लाका खेलाडीहरूले नियमित अभ्यास गर्न नपाउँदा प्रतियोताहरूमा चाहेर पनि राम्रो प्रदर्शन गर्न नसकेको भन्दै यसकै लागि पनि आफूहरुले यस कार्यमा जुटेको बताए ।

अभ्यासका लागि उपयुक्त पूर्वाधार अत्यावश्यक पर्छ । पूर्वाधार निर्माणका लागि आवश्यक सामाग्री उपलब्ध गराउन सम्बन्धि निकायले ध्यान दिनुपर्ने पूर्व राष्ट्रिय खेलाडी पवन दासले बताए । सप्तरी क्रिकेट सङ्घ र केही खेलप्रेमीले सहयोग गरे पनि पिच निर्माणका लागि आवश्यक इट्टा, बालु, सिमेन्ट र श्रमिक खर्च अभाव रहेको क्रिकेट खेलाडी अमित यादवले बताए ।

पविमाबि मैदानलाई राष्ट्रिय स्तरको सुविधा सम्पन्न क्रिकेट मैदान बनाउन संघको पहलमा मधेश प्रदेश सरकारले साइड स्किन, टर्फ पिच, खेलाडी पेभिलियन लगायतका पूर्वाधार निर्माण कार्य पूरा गरिसकेको भएपनि अभ्यासका लागि नेट पिचको खेलाडीहरूले समस्या भोग्दै आउनुपरेको सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवले जानकारी दिए ।

यसरी खेल मैदान पिच गर्नका लागि आफैँ जुटेका खेलाडीहरुको लगाव देख्दा क्रिकेटमा सप्तरीले केही गर्ने आशा जगाएको स्थानीयहरुले प्रतिकृया दिएका छन् ।

# रामजानकी विवाह महोत्सवको 'मटकोर'को तयारी



**महोत्तरी ।**
मधेशको प्राचीन मिथिला क्षेत्रमा मनाइने साताव्यापी रामजानकी विवाह महोत्सव शुरु भएसँगै महोत्तरीको मटिहानीमा 'मटकोर'को तयारी थालिएको छ । जनकपुरधाममा साताव्यापी महोत्सव बिहीबार शुरु भएसँगै विवाहपञ्चमीको एक दिनअघि गरिने 'मटकोर' विधिको तयारी मटिहानीस्थित लक्ष्मीनारायण मठले थालेको हो । यसपालि मङ्सिर शुक्ल पञ्चमीका दिन मनाइने विवाहपञ्चमी आउने मङ्गलबार परेको छभने 'मटकोर' एक दिन पहिले सोमबार सम्पन्न गरिनेछ । सातदिने महोत्सवमा नगर दर्शन, फूलबारी लीला र धनुषयज्ञ क्रमशः बिहीबार, शुक्रबार र शनिबार सम्पन्न भएका छन् ।

मटिहानीस्थित लक्ष्मीनारायण मठ मुलुककै नायक मठ मानिन्छ । त्रेतायुगमा अयोध्याका राजकुमार मर्यादा पुरुषोत्तम श्रीराम र मिथिला नरेश जनककी पुत्री सीताको विवाह जनकपुरमा गर्दा यज्ञवेदी बनाउन मटिहानीबाट माटो खनिएको विश्वास गरिन्छ । यसै विश्वासले मटिहानीमा विवाहको एक दिन पहिले गरिने 'मटकोर' उत्सव मनाइँदै आइएको लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउँछन् ।

'मटिहानीमा रामजानकी विवाह महोत्सवको 'मटकोर' उत्सव मनाइने चलन छ, यसअनुसार हामी त्यसको तयारीमा छौँ,' डा वैष्णव भन्छन्, 'यसमा मटिहानी नगरवासी र नेपाल–भारतका सन्तहरू सम्मिलित हुँदै आएका छन् ।' मटकोर विधिमा विवाहको एक दिनपूर्व पवित्र ठाउँको माटो खनेर वेदी, मण्डप, घडा, चुल्हो र देवीदेवताका प्रतिमा लेपन गरिने चलन छ । माटो खन्न जाँदा बाजागाजासहित महिला जाने गर्छन् । यसरी माटो खन्न जाने बेला महिलाले धानको भुस, चामल, बेसार, दही, फूल, पानको पात, सुपारी र अक्षतासहितका पूजा सामग्रीले भूमि पूजन गर्ने चलन छ ।

भूमि पूजनको भाव भने पृथ्वीसँग माटो खन्ने अनुमतिका लागिको प्रार्थना भएको राजकीय संस्कृत मावि मटिहानीका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउँछन् । यसरी खनेर ल्याइएको माटोले विवाह मण्डप, वेदी, चुल्हो बनाउनसँगै देवदेवीस्थल लिपपोत गरिन्छ । मिथिलामा यी सबै विधिमा माङ्गलिक गीत गाइन्छन् । त्रेतायुगमा श्रीराम र सीताजीको विवाहमा हालको मटिहानी–७ स्थित लक्ष्मीसागर तलाउबाट यज्ञवेदी बनाइन माटो खनिएको विश्वास गरिन्छ ।

मटिहानीमा 'मटकोर' उत्सवसँगै विवाह उत्सवमा सरिक हुन आउने भारतीय साधुसन्तको स्वागत, भोजन र आवास प्रबन्ध गरिन्छ । यहाँ भोलिपल्टको जनकपुरमा सम्पन्न हुने विवाह महोत्सवमा सरिक हुन भारतका विभिन्न प्रान्तबाट आउने साधुसन्त मटिहानी बस्ने पुरानो चलन छ ।

श्रीराम र सीताका बीच विवाह भएको सम्झनामा मनाइने यो महोत्सवमा पहिलो दिन 'नगर दर्शन' उत्सवको परम्परा छ । यो उत्सव श्रीराम, गुरु विश्वामित्र र भाइ लक्ष्मणका साथ जनकपुर आइपुग्नुभएको सम्झनामा मनाइने गरिएको हो । यस दिन श्रीराम र लक्ष्मणले राजा जनकको दरबार परिसर र जनकपुर नगर अवलोकन गर्नुभएको सम्झनामा प्रतीकात्मक रूपमा मनाइन्छ । यस क्रममा श्रीराम, लक्ष्मण र गुरु विश्वामित्रको भूमिकामा सजिएका पात्रहरूलाई राजा जनकका भारदारहरूले नगरको अवलोकन गराउँछन् । महोत्सव शुरु भएसँगै सम्पूर्ण मिथिलाक्षेत्र उत्सवमय बन्दछ । खासगरी अयोध्या र भारतका विभिन्न प्रान्तबाट आउने साधुसन्तको नेपाल प्रवेशद्वार महोत्तरीको जलेश्वरको भिठ्ठामोर र मटिहानी हुने हुँदा यहाँ यसको तयारी विशेष रूपमा गरिन्छ । भारततिरबाट महोत्सवका लागि साधुसन्त आउने क्रम मङ्सिर शुक्लपक्षको प्रारम्भसँगै शुरु भए पनि अधिकांश विवाहपञ्चमीको एक दिनअघि आउने चलन छ ।

भारतबाट आउने साधुसन्त विवाहको एक दिनअघि मटिहानी बास बसेर भोलिपल्ट अर्थात् विवाहपञ्चमीका दिन जलेश्वरस्थित जलेश्वरनाथ महादेवको दर्शन गर्दै महोत्तरीकै पिपरामा दिवा भोजन र केहीबेरको विश्राम गरेर जनकपुर रङ्गभूमिमा आयोजना हुने स्वयम्वर र रामजानकी विवाहमण्डपमा आयोजना हुने विवाह महोत्सवमा सरिक हुन पुग्ने गर्छन् ।

रामजानकी विवाहको साताव्यापी महोत्सवमा पहिलो दिन जनकपुरमा नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तीलकोत्सव, पाँचौँ दिन मटकोर, छैटौँ दिन स्वयम्वर तथा विवाह र अन्तिम सातौँ दिन रामकलेवा विधिको परम्परा छ ।

यी उत्सवको पहिलो दिन नगर दर्शनमा श्रीराम, लक्ष्मण र गुरु विश्वामित्र जनकपुर आइपुग्नु भएर उनहरूलाई नगर अवलोकन गराइएको, दोस्रो दिन फूलबारी लीलामा सीताजी फूल टिप्न सखीहरूका साथ फूलबारी पुग्दा श्रीरामसँग आमनेसामने देखादेख भएको, तेस्रो दिन धनुष यज्ञमा श्रीरामले शिवजीको धनुष भङ्ग गर्नुभएको, चौथो दिन श्रीरामले धनुष भाँचेपछि सीतासँग विवाहको टुङ्गो गरेर अठोट लागेपछि कन्यापक्षले वरपूजन गर्ने परम्पराको तीलकोत्सव प्रतीकात्मक रूपमा मनाइन्छ । त्यसैगरी, पाँचौँ दिनको स्वयम्वर तथा विवाहमा रङ्गभूमि मैदानमा स्वयम्वर र विवाह मण्डपमा विवाह विधि र सातौँ दिन अयोध्याका जन्ती बिदाइको 'रामकलेवा' विधि प्रतीकात्मक रूपमा सम्पन्न गरिन्छन् ।

रामजानकी विवाह महोत्सवको मेला हेर्न सम्पूर्ण मिथिलाक्षेत्रमै केही दिन पहिलेदेखि तयारी गरिन्छ । यो सांस्कृतिक महोत्सव मिथिलाको विशिष्ट परम्परा रहेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस)का प्राचार्य हेमनारायण कर्ण बताउँछन् । रासस

# मधेश प्रदेशमा ललितकला कार्यशाला



**वीरगंज ।**
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले देशव्यापी रूपमा शुरु गरेको कला गतिविधि यतिबेला मधेश प्रदेश पुगेको छ । मधेश प्रदेशका विभिन्न स्थानमा गएर कलासम्बन्धी कार्यशाला सम्पन्न भएका छन् । जसमध्ये, शनिबार प्रतिष्ठानले ललितकला विषयक अन्तरक्रिया तथा एक दिवसीय भोजपुरी लोककला कार्यशाला सम्पन्न गरेको छ ।

त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम मावि बिर्ता वीरगंज–४ पर्सामा भएको कार्यशालामा बालबालिकाको उपस्थिति थियो । अजमत प्रडक्सन, नेपाल भोजपुरी समाज वीरगंज पर्सा र मैथिली विकास कोष, जनकपुरधामको सहकार्यमा गरिएको कार्यक्रममा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली' ले 'ललितकला र यसको महत्व' विषयमा प्रस्तुति दिएका थिए ।

उनले प्रतिष्ठानको उद्देश्य, गतिविधि र योजनाका विषयमा जानकारी गराउँदै प्रतिष्ठानले देशभरि गरेका चित्रकला, मूर्तिकला, लोककला, शिल्पहस्तकला, परम्परागत कला, वास्तुकला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलालगायत कलाका विविध पक्षको पहिचानसँगै संरक्षण, प्रवद्र्धन र विकास गर्ने लक्ष्यका साथ गतिविधि गरिएको बताए ।

सो अवसरमा वास्तुकला तथा लोककला विभाग प्रमुख प्रदीप अधिकारीले भोजपुरी लोककलाको विकास, संरक्षण र प्रवद्र्धनमा स्थानीय समुदाय, पालिका, सरकार, प्रदेश सरकार तथा सङ्घीय सरकारको समन्वयमा कार्य गरिनुपर्ने धारणा राखे ।

प्रतिष्ठानका शिल्प–हस्तकला विभाग प्रमुख अरुणा हिङमाङले भोजपुरी लोककलाको उन्नतिका लागि प्रतिष्ठानले कार्यक्रम आयोजना गरेको बताए । प्रतिष्ठानका प्राज्ञसभा सदस्य अजमत अलि अन्सारीले नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानले भोजपुरी लोककलाको विकासमा सबै पक्षको ध्यान जानुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल भोजपुरी समाजका अध्यक्ष ध्रुवसिंह ठकुरी, वीरगंज भोजपुरी प्रतिष्ठानका अध्यक्ष अनिता साह, नेपाल कमर्सियल सङ्घ वीरगंजका सचिव रामनरेश चौरासिया, वीरगंज सङ्गीत कला परिषद्का उपाध्यक्ष शाविर हुसैनलगायतको उपस्थिति थियो । कार्यशालामा नयाँ तथा पुराना पुस्ताका ३० जना कलाकारको सहभागिता थियो ।

सम्पादकीय

# मतदाता नामावलीमा देखिएको सहभागिता

फागुन २१ गते हुने प्रतिनिधि सभा चुनावका लागि मधेश प्रदेशबाट नयाँ मतदाताका लागि फोटो खिचाउनेको संख्या उल्लेख्य देखिएको छ । यसले नागरिकमा मतदानप्रति चासो बढेको र आकर्षण रहेको देखिएको हो । मधेश प्रदेशको ८ जिल्लामा रहेको निर्वाचन कार्यालयमा अहिलेसम्म १ लाख १ सय ८५ नयाँ मतदाताले मतदाता परिचयपत्रका लागि फोटो खिचाएपछि यसले दिने सन्देश निर्वाचनमा आकर्षण नै हो । मधेश प्रदेशको निर्वाचन कार्यालय जनकपुरधामका अनुसार, मधेश प्रदेशको राजधानी रहेको धनुषा जिल्लामा मात्र १४ हजार १ सय २० जनाले मतदाता परिचयपत्रका लागि फोटो खिचाएका छन् । तिनमा ६ हजार २ सय ३१ महिला छन् । राष्ट्रिय परिचयपत्रको आधारमा धनुषामा विवरण भर्नेहरूको संख्या २० हजार ८ सय ९९ छ । यसमा विदेशमा रहेका युवाहरूको संख्या उल्लेख्य हुने अनुमान छ ।

मधेशका अरु जिल्लामा पनि राष्ट्रिय परिचयपत्रको आधारमा फोटो खिचाउनेको संख्या अरु १ लाख हुने अनुमान छ । मधेश प्रदेशका अरु ७ जिल्लामा रहेका निर्वाचन कार्यालयमा राष्ट्रिय परिचयपत्रको आधारमा फोटो खिचाउनेहरूको संख्यामा १ लाख १ सय ८५ मा समावेश नरहेकाले मधेश प्रदेशबाट अझै एक लाख मतदाता थपिएको अनुमान छ । यसको अर्थ मतदाता लगभग दुई लाख नै थपिए भन्दा पनि हुन्छ । अगामी फागुन २१ गतेको प्रतिनिधि सभा चुनावका लागि फोटो खिचाउने तथा राष्ट्रिय परिचयपत्रको आधारमा विवरण भर्नेमा अधिकांश युवा पुस्ताका छन् ।  देश बाहिर रहेका व्यक्तिले राष्ट्रिय परिचयपत्रको आधारमा फोटो खिचाएका छन् । मधेश प्रदेश त्यसमा पनि धनुषा जिल्लाबाट ठूलो संख्याका युवा वैदेशिक रोजगारीमा गएका कारण विदेशबाट नै राष्ट्रिय परिचयपत्रको आधारमा मतदाता नामावलीमा नाम समावेश गर्नका लागि विवरण भर्नेको संख्या उल्लेख्य हुने अनुमान छ । राष्ट्रिय परिचयपत्रको आधारमा आवेदन गर्न पाउने सरकारको निर्णयलाई वैदेशिक रोजगारमा रहेका युवाले स्वागत गरेका छन् र मधेशमा मतदाता थपिएको र यसले निर्णायक भूमिका खेल्ने देखिएको छ ।

# स्वास्थ्यका लागि चिया कफी कत्तिको उपयोगी ?



प्रा. डा. प्रकाशराज रेग्मी

धेरै जनाको बिहानको सुरुआत प्रायः चिया वा कफीबाट हुन्छ । चिया, कफी साथीहरू भेट भएर कुरा गर्ने माध्यम पनि हो । त्यसैले चिया वा कफी धेरैको दैनिकीको अभिन्न अङ्ग बनेको छ । यसका फाइदा बेफाइदाका बारेमा विभिन्न अध्ययन अनुसन्धानहरु भएका छन् । विश्वका धेरै देशहरुमा चिया, कफीको सेवन निकै हुने गरेको छ । अझ जाडोको समयमा त यसको सेवन निकै नै हुने गर्दछ । नेपालमा पनि तराईदेखि हिमाली भेगसम्म यसको प्रयोग हुने गर्दछ । पछिल्लो समय कफीको प्रयोग गर्नेहरुको सङ्ख्या ह्वात्तै बढेको छ । नेपालमा चिया र कफी खेती पनि हुने भएकाले यसको प्रयोगलाई सामान्य रुपमा लिने गरिन्छ । यहाँ चिया र कफीको प्रयोग स्वास्थ्यका दृष्टिले कत्तिको लाभदायक छ भन्ने कुरा उल्लेख गरिएको छ ।

संसारभरि पानीपछि सबैभन्दा धेरै पिइने पेयपदार्थ चिया नै हो । हामीले धेरैथरी चिया पिउने गर्छौं– दूध हालेको सेतो चिया, दूध र मसला दुवै हालेको मसला चिया, केही पनि नहालेको कालो वा हरियो चिया, आयुर्वेदिक जडीबुटी मिसिएको हर्बल चिया आदि । धेरैले चियामा चिनी हालेर पिउँछन्, कसैकसैले चिनी नहालेको चिया मन पराउँछन् । दूध–चिनी हाली आगोमा भकभकी उमालेर पकाएको चिया स्वादिलो हुने हुँदा धेरैको रोजाइमा पर्छ । स्वास्थ्यका जानकारहरूले यस्तो चियाले स्वास्थ्यमा हानि पु¥याउँछ भनी खबरदारी गर्छन् । यस्तो खबरदारीलाई ध्यानमा राखेर केही मानिसले चियामा दूध–चिनी केही पनि नमिसाइ कालो चिया पिउने गर्छन् । कतिपयले त स्वास्थ्यलाई फाइदा गर्छ भनेर हरियो चिया मीठो नलागे पनि पिउने गर्छन् ।

कस्तो चिया फाइदाजनक ?

स्वास्थ्यका हिसाबले चिया सेतो, कालो या हरियो कुन फाइदाजनक छ भन्नेबारे धेरैलाई जान्ने उत्सुकता हुन्छ । हामीले दिनदिनै दुई–चार कप चिया पिएकै हुन्छौं । हरियो र कालो दुवै चिया एउटै जातको 'क्यामेलिया' नामक वनस्पतिबाट उत्पादन हुने गर्छ । चिया बगानबाट चियापत्ती टिप्दा त्यो हरियो हुन्छ, त्यसलाई प्रशोधन गरेपछि त्यो कालो हुन्छ । हरियो चिया भनेको सबैभन्दा कम प्रशोधित चिया हो । चियाको पातलाई जति धेरै प्रशोधन गरिन्छ त्यति नै मात्रामा त्यसमा भएका गुणकारी तत्वहरू नष्ट हुँदै जान्छन् । यो हिसाबले कालोभन्दा हरियो चियालाई बढी स्वास्थ्यवद्र्धक मान्नुपर्छ । हरियो चियामा स्वास्थ्यवद्र्धक तत्व पोलिफिनोल र क्याटेखिन बढी पाइन्छ भने कालो चियामा यिनीहरूको मात्रा अलि कम हुन्छ तर क्याफिनको मात्रा बढी हुन्छ । क्याफिनले शरीरलाई उत्तेजित पार्ने, नशा लाग्ने कारणले त्यति राम्रो मानिदैन । चियामा भएको गुणकारी तत्वहरू पोलिफिनोल आदिले मुटु, हड्डी, पेट आदिलाई फाइदा गर्छ । यसले क्यान्सरको रोकथाममा पनि मद्दत पु¥याउँछ । मधुमेह, उच्च रक्तचापजस्ता समस्यालाई पनि कम गर्न सहयोग गर्छ ।

चियालाई धेरै बेर उमाल्यो, त्यसमा दूध र चिनी मिसायो भने पोलिफिनोल, क्याटेखिन आदि गुणकारी तत्वहरू निष्क्रिय भइदिन्छन् । यस कारण स्वास्थ्यका हिसाबले सोझो अर्थमा चिया कालोभन्दा हरियो राम्रो, दूध–चिनी हालेको भन्दा नहालेको राम्रो । हामीले पोलिफिनोल एन्टिअक्सिडेन्ट चियाबाटै किन लिनुप¥यो ? फलफूल, सागसब्जी, गेडागुडी, ड्राइफ्रुट्स आदिबाट प्रशस्त फाइबर र एन्टिअक्सिडेन्ट पाउन सक्छौं । यी चिजहरू खाए भइहाल्यो नि ! चियाको स्वाद बिगारी–बिगारी टर्रो चिया नै किन पिउनुप¥यो !

कोक, फन्टा, स्प्राइट, रेडबुलजस्ता पेयपदार्थहरू पिउनुभन्दा आगोमा भकभकी उमालेको दूध–चिनी हालेको चिया नै बढी फाइदाजनक हुन्छ । यस्तो चिया दैनिक एक–दुई कप पिउँदा केही पनि हानि छैन । तर जसले दैनिक दुई कपभन्दा बढी चिया पिउँछ, उसले विचार पु¥याउनुपर्छ कस्तो चिया पिउने ? कति कप पिउने ? कुनबेला पिउने ? चिनी–दूध हाल्ने कि नहाल्ने ? भन्ने कुरा आफ्नो स्वास्थ्यअनुसार विचार गर्न सकिन्छ ः

यदि तपाईंलाई मधुमेह रोग छ, रगतमा ट्राइग्लाइसेराइडको मात्रा धेरै बढेको (४०० भन्दा बढी नै) छ, शरीर मोटो छ भने चियामा चिनी नहाली पिउनुहोस् । तपाईंले हरियो चिया पिएको राम्रो ।

पेटको समस्या छ, पेट फुल्छ, पोल्छ, ग्यास्ट्रिक बढ्ने समस्या छ, डकार धेरै आउँछ, अमिल्युकी आउँछ भने चियामा दूध नहालेको राम्रो । यस्तो समस्या भएकाहरूले दूधबिनाको कालो या हरियो चिया पिउँदा राम्रो हुन्छ । तर तपाईं चियाको असाध्यै पारखी हुनुहुन्छ, सेतो दूध हालेको चिया मन पराउनुहुन्छ भने खाली पेटमा नपिउनुहोस् । पहिले अलिकति पानी पिउनुहोस् अनि दूध हालेको चिया पिउनुहोस्, दैनिक एक कपभन्दा बढी सेतो चिया नपिउनुहोस् । चियामा अदुवा मिसाएर पकायो भने स्वाद पनि बढ्छ, पेटलाई फाइदा पनि हुन्छ ।

तौल घटाउने इच्छा छ भने दूध–चिनी नहालेको हरियो चिया दैनिक चार कपसम्म पिउनुहोस् । यसभन्दा धेरै पिउँदा हानि पुग्न सक्छ, विचार पु¥याउनुहोस् । तपाईं स्वस्थ हुनुहुन्छ भने दैनिक दुई कपसम्म दूध–चिनी हालेर भकभकी पकाएको नेपाली चिया आनन्दपूर्वक पिउन सक्नुहुन्छ । चियामा रहेको पौष्टिक तत्व नष्ट भयो भनी चिन्ता नगर्नुहोस्, चियाको स्वादमा रमाउनुहोस् । तर दैनिक दुई कपभन्दा बढी यस्तो चिया नपिउनुहोस् । धेरै भयो भने यसमा भएको क्याफिनले नशा लाग्छ, उत्तेजित बनाउँछ, अनिद्रा गराउँछ, रक्तचाप बढाउँछ, मुटुको धड्कन बढाउँछ ।

यस कारण सावधानीका साथ चियाको मज्जा लिनुहोस् । चिया सेतो कि कालो पिउने भन्ने विषयमा धेरै नसोच्नुहोस् । तपाईलाई जुन चियाको बढी स्वाद लाग्छ त्यही चिया पिउनुहोस् तर सावधान ! धेरै नपिउनुहोस् ।

कफीको नशा

चिया जस्तै कफीको स्वादमा रमाउने मानिस पनि विश्वमा धेरै छन् । धेरैलाई कफीको नशाबारे थाहा छैन । कफी र रक्सी दुवैमा नशा लाग्ने तत्व हुन्छ । कडा कफी पिउने बानी भएकाहरूलाई कफी र रक्सीमध्ये एउटा छोड्नुपर्दा उनीहरू रक्सी छोड्छन् । रक्सी छोड्नसक्ने तर कफी छोड्न नसक्ने भनेको रक्सीमाभन्दा पनि कडा नशा कफीमा छ भनी बुझ्नुपर्छ । चुरोटमा हुने निकोटिन र रक्सीमा हुने अल्कोहलले स्वास्थ्यमा गम्भीर असर पार्छ । रक्सी र चुरोटको लत बसेकाहरूले यो छोड्दा हात काम्ने, टाउको दुख्ने, छटपटी लाग्नेजस्ता समस्या देखा पर्छन् । यसलाई 'विड्रअल इफेक्ट' भनिन्छ । कफीको लत बसेकाहरूले कफी पिउन नपाउँदा यस्तै अवस्था उत्पन्न हुन्छ ।

संसारमा धेरै पिइने पदार्थहरूमध्ये एक हो कफी । विकसित राष्ट्रहरूमा आधा जनसङ्ख्याले कफी सेवन गर्ने गरेका छन् । त्यहाँ प्रत्येक दिन एक जनाले सरदर तीन कप कफी पिउने गर्छन् । कफीको उत्पादन भने सबैभन्दा बढी विकासोन्मुख राष्ट्रहरूमा हुने गरेको छ । कफीको खेती संसारका ७० भन्दाबढी देशमा गरिन्छ । सबैभन्दा धेरै कफी उत्पादन गर्ने देश ब्राजिल हो । यो देशले संसारको कूल ३५ प्रतिशत कफी उत्पादन गर्दछ । नेपालमा पनि कफीको उत्पादन हुन्छ । नेपालमा पाल्पा र गुल्मीका कफीहरू प्रख्यात छन् ।

कति पिउने कफी ?

रक्सीमा इथानोल र चुरोटमा निकोटिन भएजस्तै कफीमा क्याफिन हुन्छ । यसमा एक प्रकारको लत वा नशा बस्छ । मान्छेले एकपटक पिएपछि फेरि पनि पिउँपिउँ जस्तो लाग्ने कारण यही हो । दुई चिया चम्चा धुलो कफी मिसाएको एक कप कफीमा सय मिलिग्राम क्याफिन हुन्छ । स्वास्थ्यका दृष्टिले दैनिक दुई सयदेखि चार सय मिलिग्रामसम्म क्याफिन पिउन सुरक्षित मानिन्छ । अर्थात् एक जनाले दुईदेखि चार कपसम्म दैनिक कफी पिउन सक्छन् । तर कफी पिउन हुने÷नहुने भन्ने कुरा व्यक्तिको स्वास्थ्य स्थितिमा भर पर्छ ।

क्याफिन तत्व कफीमा मात्रै नभएर चकलेट, चिया, कोल्ड ड्रिङ्क्स र इनर्जी ड्रिङ्क्समा पनि पाइन्छ । इनर्जी ड्रिङ्क्स पिउँपिउँ लाग्ने कारण पनि क्याफिनको नशा लागेर हो । कफीले स्वास्थ्यमा असर पार्छ भन्ने कुरा विज्ञानले पनि पुष्टि गरेको छ । यसले दिमाग र मुटुमा असर पार्ने, मुटुलाई उत्तेजित बनाउने एवं पाचन प्रणालीमा पनि असर गर्छ । थोरै प्रयोगले खासै असर नगरे पनि, धेरै हुनेबित्तिकै पाचन प्रणालीमा असर पार्छ । दैनिक चार कपभन्दा बढी कफीलाई धेरै मान्नुपर्छ । कफी धेरै पिउँदा छटपटी हुने, चक्कर लाग्ने, हात काँप्ने, निद्रा नलाग्ने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढ्ने, अपच हुनेजस्ता समस्या देखिन सक्छन् । धेरै भयो भने मृत्युसमेत हुन सक्छ । दिनमा ५० कपदेखि एक सय कपसम्म कफी पियो भने मृत्युसमेत हुन सक्छ । १० हजार मिलिग्राम क्याफिन शरीरमा प¥यो भने तत्काल मृत्यु हुनसक्छ ।

कुनै व्यक्तिलाई कफी शरीरमा पर्नेबित्तिकै आनन्द महसुस हुन्छ भने कतिपयलाई छटपटी हुन्छ । कसैकसैलाई अलिकति कफी पिउनेबित्तिकै असर पर्छ, यसलाई कफीमा 'सेन्सेटिभ' भएको भनिन्छ । कफीमा सेन्सेटिभ भएकाहरूलाई थोरै कफीले पनि छटपटी गराउने, जीउ तातेर आउने, मुटु हल्लिने, निद्रा नपर्ने, अपच हुने, रक्तचाप बढ्ने, छिटोछिटो पिसाब लाग्नेजस्ता स्वास्थ्य समस्या उत्पन्न गराउँछ । मुटुको धड्कन खराब भएकाहरूले दैनिक एक कपसम्म कफी पिउनु सुरक्षित मानिन्छ ।

विज्ञानले भन्छ–एक कप कफी गर्भवतीहरूका लागि समेत सुरक्षित छ तर यसभन्दा बढी भएमा गर्भपात हुने वा कम तौल भएको बच्चा जन्मिने खतरा बढ्छ । १८ वर्ष उमेरमुनिका र गर्भवती महिलाले कफी नपिउँदा बेस हुन्छ । आफ्नो स्वादअनुसारको कफी पिउने गर्नुहोस् । कालो, दूध–चिनी नहालेको 'ब्ल्याक' अथवा 'मिल्क विथ सुगर', 'कफी लाटे', 'अमेरिकानो', 'एक्सप्रेसो', 'क्यापुचिनो' आदि जुन स्वादिलो लाग्छ, छानीछानी पिउने गर्नुहोस् । यसबाट स्वाद, सन्तुष्टि र सुस्वास्थ्य प्राप्त हुन्छ ।

कफीले स्वास्थ्यमा पार्ने असरबारे धेरै अनुसन्धानहरू भएका छन् । कफी सेवन नगर्नेहरूको तुलनामा कफी सेवन गर्नेहरू धेरै वर्ष बाँच्ने गरेको कुरा वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरेका छन् । दैनिक दुईदेखि चार कपसम्म कफी पिउनेहरूमा अरूको तुलनामा १६ प्रतिशतले मृत्युदर कम भएको पाइएको छ भने २१ प्रतिशतले हृदयघातबाट हुने मृत्यु घटेको पुष्टि भएको छ । हृदयघात भइसकेकाहरूका लागि पनि कफीको सेवन लाभदायी देखिन्छ । दैनिक दुईदेखि चार कपसम्म कफी पिउँदा यसले स्वास्थ्यमा राम्रो असर पार्छ ।

विज्ञानले के पनि भन्छ भने कफीले मधुमेह र मुटुरोगबाट बचाउन मद्दत गर्छ । दिमागसम्बन्धी रोग– ल्जाइमर्स, डिमेन्सिया र डिप्रेसन हुनबाट रोक्छ । पार्किन्सन्स रोग, लिभर सिरोसिस र क्यान्सर हुनबाट पनि धेरै हदसम्म रोक्छ । हिजोआज धेरै मानिसलाई कलेजोमा बोसो जम्ने रोग छ । यसलाई नन अल्कोहोलिक फ्याट्टी लिभर पनि भनिन्छ । यसलाई पनि कफीले घटाउँछ भन्ने वैज्ञानिक मान्यता छ । तर गर्भवती महिला र १८ वर्षमुनिका बालबालिकाले कफी नपिउँदा राम्रो हुन्छ । किनकी उनीहरूलाई कफीमा हुने क्याफिनले नकारात्मक असर पु¥याउँछ । त्यसैले भरसक आफ्नो शरीरको स्थितिलाई विचार गरेर कफी पिउँदा राम्रो हुन्छ । दूध र चिनी नहालेको ब्ल्याक कफी पिउँदा स्वाद, सन्तुष्टि र सुस्वास्थ्यसमेत पाउन सकिन्छ । रासस

# अलौकिक पाकडी वृक्षः जहाँ पुग्दा शान्ति मिल्छ

छायाँ पन्थ

तिलोत्तमा वडा नं ४ कि नरमाया क्षेत्री शान्त ठाउँको खोजीमा देवदहस्थित पाकरी वृक्षमा पुग्छिन् । रुपन्देहीको देवदह नगरपालिका वडा नं ८ मा रहेको पाकरी वृक्ष शान्त र मनोरम ठाउँ हो । पाकरी वृक्ष पुग्नुअघि त्यहाँका बारेमा उनले अरुबाट नै जानकारी पाएर त्यहाँ पुगेकी हुन् ।

'जस्तो सुनेकी थिएँ, त्यस्तै रहेछ यो ठाउँ, सुन्दर, शान्त अनि मनै आनन्दित हुने,' नरमाया भन्छिन्, 'यहाँ आइपुग्दा आनन्दको आभाष पाएँ, पहिलो पटक पुग्दा नै आकर्षित भएँ त्यसैले यो ठाउँमा पटकपटक आउन मन लाग्छ ।'

यस्तै, बुटवल उपमहानगरपालिका वडा नं १५ कि आरती राना पनि पाकडी वृक्षमा धेरैपटक पुगेकी छिन् । आरती पनि सुन्दर, शान्त र मनोरम ठाउँमा रमाउन तथा मनलाई आनन्दित बनाउन त्यहाँ पुग्ने गरेको बताउँछिन् । आरतीलाई पाकडी वृक्षले मोहित बनाएको छ । उनी भन्छिन्, 'जब त्यहाँ पुगिन्छ साँच्चिकै स्वर्गमा पुगेको भान हुन्छ ।'

तिलोत्तमा वडा नं १५ निवासी हिमाल सुनार पाकडी वृक्षमा पुगेर आनन्दले बस्ने र फोटो तथा भिडियो बनाउने गर्छन् । हिमाललाई यो ठाउँ वास्तवमै स्वर्ग लाग्छ । पाकडीका बारेमा अरुबाट थाहा पाएर त्यहाँ पुगेका हिमाललाई त्यो ठाउँमा बसेर मन अघाउँदैन ।

यस्तै पाकरी वृक्षमै भेटिएकी तिलोत्तमा वडा नं ३ की अप्सरा खत्रीले पनि यहाँ आत्मसन्तुष्टिका लागि आएको बताइन् । शान्त वातावरण र शीतल हरियाली भएको सो वृक्षमा तिलोत्तमा–३ कै कोमल कुँवर पनि भेटिइन् । उनी पनि शीतल र शान्त वातावरणको खोजीमा पटकपटक पुग्छिन् ।

एसियाकै सबैभन्दा ठूलो वृक्षका रुपमा लिइने यो वृक्षको ऐतिहासिक महत्व रहेकै कारण दिनहुँ सयौँ आन्तरिक पर्यटक पाकरी वृक्षमा रमाउन पुग्ने गरेका छन् । हेर्दा सुन्दर, सधैँ हरियाली, शीतलताले भरिपूर्ण पाकरी वृक्षले सबैलाई आकर्षित गरेको छ । अलौकिक विशेषताले भरिपूर्ण यो वृक्षमा बौद्धकालीन सम्बन्ध जोडिएको भन्ने पनि गरिन्छ । प्राचीन कोलीय राज्यमा होम यज्ञ गर्नका लागि प्रयोग गरिएको पावन स्थानबाट पाकरी वृक्षको उत्पत्ति भएको भन्ने स्थानीयको जन विश्वास रहेको छ ।

यो वृक्ष भगवान् गौतम बुद्धको मावली देवदह क्षेत्रमा पर्ने भएकाले यस वृक्षको फेदमा बसेर गौतम बुद्धले ध्यान गरेको मान्यता पनि छ । यी सबै कुरा बौद्ध ग्रन्थमा कहीँकतै पनि उल्लेख नभएको लुम्बिनी बौद्ध विश्वविद्यालयका प्राध्यापक इन्द्र काफ्ले बताउँछन् । देवदहको वडा नं ८ मा रहेको यो वृक्ष पूर्व–पश्चिम महेन्द्र राजमार्गको शीतलनगर चोकदेखि दुई किमी दक्षिणमा रहेको छ । यस वृक्षकाबारेमा थाहा पाउनेहरु अवलोकनका लागि पुग्ने गरेका छन् ।

यो वृक्ष अवलोकन गर्न र यससम्बन्धी जानकारी लिन नेपालभरबाटै पर्यटक पुग्ने गरेको सहजकर्ता रुद्र पाण्डे बताउँछन् । यहाँ सामान्य मानिसदेखि विभिन्न तहमा अध्ययनरत विद्यार्थी, बुद्धिष्टहरु, अनुसन्धानकर्ता, प्रेमील जोडी र अन्य मुलुकबाट पर्यटक पुग्ने गरेको पाण्डेले जानकारी दिए । पछिल्लो समय पाकडी वृक्ष सबैको आकर्षणको केन्द्र बनेको छ । यो वृक्ष देवदहको पहिचानका रुपमा स्थापित रहेको छ ।

देवदह यसै पनि भगवान् गौतम बुद्धको मावलीका रुपमा अन्तरराष्ट्रियस्तरमै परिचित पवित्र स्थल हो । यो मात्र नभइ देवदहमा बौद्धकालीन स्थल दर्जनौँ भए पनि पर्याप्त रुपमा उत्खनन हुन सकेका छैनन् । उत्खनन भए पनि कछुवाको तालमा हुन्छ । साथै प्रचारप्रसारको अभाव भएको स्वयं नगरपालिकाका जनप्रतिनिधि स्वीकार्छन् । देवदहमा भवानीपुर, खयर डाँडाजस्ता बौद्धकालीन स्थल दर्जनौँ छन् । तर त्यसको उचित विकास र प्रचारप्रसारको कमी छ ।

**वृक्षको विशेषता**

द ट्रि अफ हेभनका उपमा पाएको यो वृक्ष ८२ फिट अग्लो अर्थात् करिब ३० मिटर उचाइ छ । झण्डै ३० मिटर परिधि भएको वृक्षले एक कठ्ठा जमिन पूरै ओगटेको छ । कहिल्यै उजाड नहुने सधैँ हरियो रहिरहने यो वृक्षमा गिद्ध, बकुल्ला, चील बाजजस्ता चरा कहिल्यै बस्दैनन् । अलौकिक विशेषता रहेको यो वृक्षको फेदमा बसेर गौतम बुद्धले ध्यान गरेको मान्यता छ । यो वृक्षको जरा तथा हाँगामा विभिन्न जीवका साथै भगवान्का आकृति देखिने सहजकर्ता पाण्डेले बताए । अर्काे अनौठो कुरा यो वृक्षको नजिक हात्ति कहिल्यै पनि नगएको स्थानीय बताउँछन् ।

**वृक्षका फाइदाहरु**

पाकरी वृक्ष सधैँभरि हरियो रहिरहने र यसबाट प्रशस्तै अक्सिजन पाइन्छ । यसको नजिक पुग्दा मानिसलाई सकारात्मक ऊर्जा मिल्छ । 'हेर्दा निकै सुन्दर देखिने यस वृक्ष प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ । यसका साथै धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण छ,' सहजकर्ता पाण्डेले भने, 'मानिसहरू यहाँ आएर ध्यान गरेर आफ्नो मनलाई शान्त पार्दै स्वर्गीय आनन्द प्राप्त गर्छन् ।'

पाण्डेले वृक्ष अवलोकन गर्न पुग्ने पर्यटकका लागि वृक्षकाबारेमा जानकारी दिने गर्छन् । स्थानकाबारेमा जानकारी दिन नगरपालिकाबाटै उनलाई खटाइएको छ । तर पाकरी वृक्षमा पुग्न भने त्यति सहज छैन । यहाँ पुग्नका लागि कहीँकतै कुनै पनि प्रकारका सूचना भेटिँदैनन् । टाढाबाट त्यहाँ पुग्दा भोकाएका तिर्खाएकालाई वरिपरि कुनै सुविधा छैन ।

पाकडी वृक्ष संरक्षण र भौतिक पूर्वाधारका लागि नगरपालिकाले हरेक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने गरेको छ । तर जग्गा अभावमा वृक्ष वरिपरि पर्खाल लगाउने कामबाहेक अरु कुनै महत्वपूर्ण भौतिक उपलब्धि हुन नसकेको देवदह वडा नं ८ की स्थानीय बासिन्दा अनुराधा लोधले बताइन् । वृक्ष संक्षणका लागि वृक्ष वरिपरि पर्खाल तथा तार लगाइएको छ भने रेखदेख र त्यहाँ पुग्ने पर्यटकका लागि पाकरी वृक्षको जानकारी दिन नगरपालिकाबाट कर्मचारी खटाइएको छ ।

ऐतिहासिक र पुरातात्त्विक महत्त्वको भएकाले कहीँकतै विनाश नहुने गरी काम गर्नुपर्दा सुस्तगतिमा काम गर्नुपर्ने बाध्यता भएको नगर प्रमुख ध्रुव खरेलले बताए । उनी भन्छन्, 'वृक्ष भएको जग्गा कुनै एक व्यक्तिका नाममा छ, तर उहाँले दानस्वरुप हस्तान्तरण गरिसक्नुभयो, भएको जमिन वृक्षले नै ओगटेको छ, कुनै पनि भौतिक संरचना र विकासका लागि एकल प्रयासले मात्र सम्भव नहुने रहेछ, बाटोघाटो पनि विस्तारै बनाउँदै छौँ ।'

नगर प्रमुख खरेलले वृक्ष भएको सो जग्गा सरकारलाई नै हस्तान्तरण गरे पनि जग्गा नामसारी भने नभएको प्रष्ट पारे । वृक्षको समग्र विकास र विस्तारका लागि जग्गा कमी भएकाले थप गर्नुपर्ने बाध्यता रहेको बताए ।साथै वृक्ष वरिपरिको जग्गा थप गर्ने प्रक्रियामा रहेको नगर प्रमुख खरेलको भनाइ छ । रासस

# ‘जेन्जी’ पुस्ताले उठाएका माग सम्बोधन आवश्यकः भट्टराई

**काठमाडौँ।**
पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले नेपालको राजनीतिमै पुनःसंरचना नभएसम्म विश्वसँग जोडिएर जान नसक्ने बताएका छन । प्रगतिशील लोकतान्त्रिक पार्टी बृहत् एकता घोषणासभामा उनले विश्वसँग जोडिएर जान ‘जेन्जी’ पुस्ताले उठाएका माग सम्बोधन गरेर अघि बढ्नुपर्नेमा जोड दिए।




देश अझै पनि सहज बाटोमा नहिँडेको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री भट्टराईले सहज अवस्था बनाउन सबैले सहयोग गर्नुपर्ने आवश्यकता औँल्याए।

उनले व्यक्तिको निजत्व र सामाजिक पक्ष दुवैलाई मिलाएर नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टी अघि बढ्नुपर्ने बताए । उक्त पार्टीका अगुवा नेता रहेका डा भट्टराईले नयाँ दलमा आफू अभिभावक भएर बस्ने र कार्यकारी भूमिकामा रहनेलाई सहयोग तथा सुझाव दिने प्रतिबद्धता व्यक्त गरे । प्रलेपालाई जेनजी पुस्ताको पार्टी हो भनेर नबुझने हो भने त्यसको कुनै अर्थ नहुने उनको जिकिर थियो।

पूर्वप्रधानमन्त्री भट्टराईले जेनजी पुस्ताको आवाज र मागलाई सो पार्टीले पूरा गर्नुपर्ने बताए । ‘यो पार्टी भनेको जेन–जी आन्दोलनको उपज हो । र जेन–जी पुस्ताको पार्टी हो भनेर बुझ्न जरुरी छ । यदि यो कुरा बुझिएन र मैले मेरो आफ्नै बखान गर्ने, अर्कोको अर्को बखान गर्दै हिंडने हो भने हुँदैन। अबको यो पार्टीको एजेण्डा भनेको जेन–जी पुस्ताको चेतनासँग, त्यसको आवाजसँग, यो युगसँग जोडिएका कुराहरु यसले पूरा गर्नसक्छ कि सक्दैन ?’ उनले भने । पूर्वप्रधानमन्त्री भट्टराईले जेन–जी पुस्ताको मागलाई सम्बोधन गरेर अघि बढ्न पुराना पार्टी र नेताहरु मात्रै नभएर राजनीतिमा नै पुनर्संरचना आवश्यक रहेको समेत बताए।

पूर्वमन्त्री राम कार्कीले चुनाव हुँदा वा नहुँदा पनि नवगठित पार्टीको अभियान चलिरहने बताए । शिक्षा, यातायात, कृषिलगायत सबै नीतिलाई नयाँ दलले परिवर्तन गर्न चाहेको पनि उनले सुनाए।

नेता कार्कीले विचारबाट सशक्त भएर म्याद सकिएको नेतृत्वलाई प्रतिस्थापन गर्न ‘जेन्जी’ पुस्तालाई सुझाव दिए । मार्कसिज्म भनेको आफैँप्रति आलोचक हुनु हो भन्दै उनले यस्तो गुण नहुनेहरू माक्र्सवादी हुन नसक्ने जिकिर गरे।

कार्यक्रममा पूर्वमन्त्री जनार्दन शर्माले दलको प्रतिबद्धता पत्र सुनाएका थिए । प्रतिबद्धता पत्रमा देशको कार्यकारी प्रमुख मातहत राष्ट्रिय विकास प्राधिकरण गठन गरिने, भ्रष्टाचारविरुद्ध महाअभियान चलाइने, बोली र व्यवहारमा एकरुपता हुनेलगायत विषय समेटिएको उनले जानकारी गराए । उनले पार्टीभित्रका मठाधीशहरुलाई धुपबत्ती गर्न छाडेर पार्टी निर्माणमा लागेको बताए।

नेकपा माओवादी केन्द्र र एकिकृत समाजवादी पार्टी बीचको एकता प्रक्रियाबाट बाहिरिएका नेता शर्माले प्रगतिशिल अभियान चलाएका थिए।

उनले सामन्तवादको सियाशनलाई भत्काएर लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणमा सहभागीहरु अब नयाँ प्रक्रियामा सक्रिय भएको बताए । ‘सामन्तवादको सियाशनलाई भत्काएर लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणमा सहभागी हामीहरु पार्टीभित्रका मठाधिशहरुलाईलाई धुपबत्ती गर्न छाडेर प्रगतिशिल लोकतान्त्रिक पार्टी घोषणा गर्ने प्रक्रियामा सामेल भएका छौँ,’ उनले भने।

पूर्वमन्त्री सुदन किरातीले आफ्नो दलले कम्युनिष्ट पार्टीको खोल छोडेर गुदी बोकेर आएको बताए । देशमा रहेका समग्र जनताको तस्बिर अब आफ्नो दलमा पाइने उहाँको भनाइ थियो । उनले यस्तो टिप्पणी गरेका हुन् । उनले जेनजी विद्रोह विदेशीको कारणले नभई नेतृत्वमा रहेका नेताहरूका कारणले भएको जिकिर गरे।

आफ्नो कोठा खुला राख्ने, कोठामा धान छर्ने, भकारीलाई राम्रोसँग नबाँध्ने, अनि भँगेरा आयो भनेर भँगेरालाई दोष दिएर हुन्छ ? नेता किराँतीको प्रश्न छ । २० वर्षदेखि राज्यसत्ताको दोहन गरी देशलाई कंगाल बनाउने काम गरिएको बताए।

उनले भने, ‘उहाँहरू जेनजी विद्रोह विदेशीको कारणले हो भनेर अझै पनि भन्नुहुन्छ । लाज पनि लजाउने गरी अभिव्यक्ति दिइरहनुभएको छ । हाम्रो पार्टी सम्पूर्ण रूपले खारेज गर्दछ त्यसलाई । आफ्नो कोठा खुला राख्ने, कोठामा धान छर्ने, भकारीलाई राम्रोसँग नबाँध्ने, अनि भँगेरा आयो भनेर भँगेरालाई दोष दिएर हुन्छ ? २० वर्षदेखि राज्यसत्तामा को छ एकलौटी ? केही मानिसहरू म्युजिकल चियर खेलेर देशलाई कंगाल बनाएर बसेका छन् । देशको स्वाधिनतालाई कमजोर बनाएर बसेका छन् । अनि विदेशीलाई दोष लगाउने ?’उनले थैली बन्दिलो नबाँध्ने र साथीलाई चोर दोष लगाउने काम नगर्न चेतावनी दिए।

पार्टी घोषणासभाको अध्यक्षता गरेका नेता सन्तोष परियारले दलले नयाँ गतिका साथ काम गर्न चाहनेलाई समेटेर अघि बढ्ने बताए । त्यसैगरी। प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का नेता सन्तोष परियारले राष्ट्रिय संकट समाधानका लागि सामूहिक पहल नगरै देश थप संकटमा फस्न सक्ने बताएका छन् । राष्ट्रिय सभा गृहमा आइतबार आयोजित एकता घोषणा सभामा बोल्दै परियारले देशलाई बचाउन सामूहिक पहल गर्नुपर्नेमा जोड दिए।

‘लामो समयदेखि बहुदलीय प्रजातन्त्र र गणतन्त्रका लागि सङ्घर्ष ग¥यौँ । हामीसँग अहिले चारवटा संकट छ । पहिलो राष्ट्रियताको संकट छ । जेनजी विद्रोहपछि राष्ट्रियता ठुलो संकट देखिन्छ । दोस्रो लोकतन्त्रमाथि संकट छ । संविधान प्रदत्त लोकतान्त्रिक अधिकार खोसिने हो कि भन्ने खतरा छ । अर्को संविधानमाथि पनि धैरै संकट छ । मुर्झाएको छ । यसको संरक्षण गर्नु आवश्यक छ । चौथो आर्थिक संकट गहिरिएको छ । संकटपूर्ण घडीमा हामीले सामूहिक बुद्धिमत्ता अपनाएनौँ भने यो देश थप संकटमा पर्न सक्छ,’ उनले भने।

सरकार र नागरिकबिच विश्वासको संकट गरिएकोप्रति चिन्ता व्यक्त गर्दै उनले आफ्नो पुस्ताको सबैभन्दा ठुलो चुनौती राज्यको गुमेको विश्वास फर्काउने रहेको बताए । राष्ट्रिय संकट समाधानका लागि नेसपा (नयाँ शक्ति), प्रगतिशील राष्ट्रिय अभियानसहित एकता भएर लोकतान्त्रिक पार्टी घोषणा गर्न लागिएको परियाले जिकिर गरे । संकटको घडीमा सबै वामपन्थी र लोकतान्त्रिक शक्तिलाई एक ठाउँमा आउन उनले आग्रह गरे।

# लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठकका विभिन्न सात निर्णय

**लुम्बिनी।**
लुम्बिनी प्रदेश सरकारको आज बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न सातवटा निर्णय गरेको छ । बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले पेस गरेको बाधा अड्काउ फुकाउसम्बन्धी प्रस्ताव स्वीकृत गर्नेलगायत सात निर्णय गरेको हो।

भौतिक पूर्वाधार तथा विकासमन्त्री भूमिश्वर ढकालका अनुसार सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११९ को अधिकार प्रयोग गरी प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्दै निर्देशनालयले गर्नुपर्ने अत्यावश्यक कार्य निर्देशनालय गठन नभएसम्म उद्योग, पर्यटन तथा यातायात मन्त्रालयबाट सम्पादन गर्ने निर्णय गरिएको छ।

उक्त मन्त्रालयकै तर्फबाट लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक प्रदेशसभामा पेस गर्न अनुमति दिने निर्णय भएको छ।

यस्तै, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पेस गरेको प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पठाउन बैठकले स्वीकृति प्रदान गरेको छ । सामाजिक विकास मन्त्रालयबाट दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तथा अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमसम्बन्धी कार्यविधि, २०८२ पनि बैठकले पारित गरेको भौतिक पूर्वाधार तथा विकासमन्त्री ढकालले जानकारी दिए।

यसैगरी भीम अस्पतालमा सरुवा भएका कन्सल्टेन्ट डेन्टल सर्जन डा वर्षा थापालाई मेडिकल सुपरिन्टेन्डेन्टको जिम्मेवारी दिने र शिवराज नगरपालिकाको हाटबजार व्यवस्थापनका लागि जग्गा प्राप्तिमा सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।रासस

# सबैले मिलेर देश परिवर्तन गर्न आवश्यकः साम्पाङ

**भोजपुर।**
श्रम, संस्कृति पार्टीका अध्यक्ष तथा धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले सबैले मिलेर देश परिवर्तन गर्न आवश्यक रहेको बताएका छन।

स्थानीय टुँडिखेलमा आइतबार आयोजित कार्यकर्ता भेला तथा सङ्गठन विस्तार कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साम्पाङले श्रम बिना परिवर्तन सम्भव नभएकाले सबै शक्ति मिल्न जरुरी रहेको धारणा राखे।

देशको जनशक्ति नै युवाशक्ति भएकाले युवाको सही प्रयोग हुन आवश्यक रहेकामा उनले जोड दिए।

‘युवाले आफूहरु कसरी र कोबाट परिचालन भइरहेका छौँ भन्ने बुझन आवश्यक छ’, अध्यक्ष साम्पाङले भने । युवाले अब श्रम गरेर पसिना बगाउन आवश्यक रहेको उनको भनाइ थियो । अध्यक्ष साम्पाङले अबका दिनमा सबै सच्चिन आवश्यक रहेको बताए। रासस

# सर्वोच्चले माग्यो प्रधानमन्त्री कार्कीसँग लिखित जवाफ

**काठमाडौँ।**
सर्वोच्च अदालतले प्रधानमन्त्री सुशीला कार्कीलाई अदालतको अवहेलनासम्बन्धी मुद्दामा लिखित जवाफ पेश गर्न निर्देश गरेको छ।

राजदूत फिर्तासम्बन्धी सरकारी निर्णयमा सर्वोच्चको आदेश कार्यान्वयन नगरेको आरोप लगाउँदै अधिवक्ता डा. प्रेमराज सिलवालले प्रधानमन्त्री कार्कीविरुद्ध अदालत अवहेलनाको निवेदन दर्ता गरेका थिए।

निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय हरि फूयाल र अब्दुल अजिज मुसलमानको इजलासले प्रधानमन्त्री कार्कीलाई किन कारबाही नगर्ने भन्ने आधारसहित लिखित स्पष्टीकरण पेश गर्न आदेश दिएको हो । अदालतले राजदूत फिर्तासम्बन्धी आदेश कार्यान्वयनमा लापरवाही भएको दाबी उपर गम्भीरता देखाउँदै सम्बन्धित पक्षबाट स्पष्ट जवाफ मागेको छ।

# नेपाली कांग्रेस निर्वाचन आयोगमा दर्ता एमालेको तयारी

**काठमाडौँ।**
राष्ट्रिय सभा तथा प्रतिनिधिसभा निर्वाचनको तयारीका लागि नेपाली कांग्रेसले आज निर्वाचन आयोगमा दल दर्ता गराएको छ । पार्टीले दर्ता प्रक्रियामा सभापति शेरबहादुर देउवाकै आधिकारिक हस्ताक्षर प्रयोग गरेको निर्वाचन आयोग स्रोतले जनाएको छ।

कांग्रेसको केन्द्रीय कार्यसमितिको असोज २८ गतेको बैठकमा सभापति देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक जिम्मेवारी दिएका थिए । सो क्रममा देउवाले सक्रिय राजनीतिबाट केही टाढा बस्ने संकेत पनि गरेको बताइएको थियो । तर, आज दल दर्ता गर्दा पुनः देउवाकै नाम अघि सारिएको छ।

यस कदमलाई लिएर पार्टीभित्र देउवाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन र माघ ११ को राष्ट्रिय सभा निर्वाचनमा उम्मेदवारी टिकट वितरणमा सक्रिय भूमिका निर्वाह गर्ने संकेत भएको एक केन्द्रीय सदस्यले टिप्पणी गरेका छन् । त्यसैगरी, नेकपा एमालेले निर्वाचन आयोगले तोकेको समयसीमाभित्रै प्रतिनिधिसभा निर्वाचनका लागि दल दर्ता गर्ने तयारी गरेको जनाएको छ । निर्वाचन हुने–नहुनेबारे शंका रहेको स्वीकार गर्दै पनि एमाले चुनावी प्रक्रियामा सहभागी हुने उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

‘राष्ट्रिय सभाको आगामी निर्वाचनका लागि हामी दल दर्ता गरिसकेका छौँ। प्रतिनिधिसभा चुनावका लागि पनि दल दर्ता गर्नेछौँ,’ उपमहासचिव ज्ञवालीले भने।

उनका अनुसार प्रतिनिधिसभा विघटन र सुशीला कार्की नेतृत्वको सरकार गठनजस्ता कदम योजनाबद्ध रूपमा अगाडि बढाइएकाले एमालेले चुनावको विश्वसनीयतामाथि प्रश्न उठाएको हो । उनले भने, ‘प्रतिगमनको श्रृंखला सुरु भएको छ । केही शक्तिहरूले राजनीतिक शून्यता सिर्जना गर्दै संविधान कमजोर पार्न खोजिरहेका छन्। त्यो चक्र पूरा भइसकेको छैन।’

सरकारको कार्यशैली दलविरोधी रहेको आरोप लगाउँदै ज्ञवालीले राजनीतिक गतिविधिलाई रोक्ने प्रयासहरू देखिएको बताए । ‘दललाई निषेध गर्ने, प्रहार गर्नेहरूलाई संरक्षण दिने प्रवृत्ति प्रवद्र्धन भइरहेको छ। यस्तो माहोलमा कसरी चुनाव सम्भव हुन्छ?,’ उनले प्रश्न गरे।

शान्ति–सुरक्षा व्यवस्थाप्रति पनि प्रश्न उठाउँदै उनले चुनाव अनिश्चित देखिएको बताए । यद्यपि, यी चुनौतीहरूबीच एमाले भने चुनावी प्रक्रियामा सहभागी हुने निर्णयमा स्पष्ट रहेको उनले दोहो¥याए।

# प्राध्यापकहरूको लापरवाहीले नतिजा प्रकाशनमा ढिलाइ

**काठमाडौँ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनले प्राध्यापकहरूको लापरवाहीका कारण माध्यमिक शिक्षा परीक्षा (एसइई) र कक्षा १२ को नतिजा सार्वजनिक हुन ढिलाइ भइरहेको आरोप लगाएका छन्।

आइतबार भक्तपुरमा आयोजित विश्वविद्यालय अनुदान आयोगको ३२औँ वार्षिकोत्सव समारोहमा बोल्दै मन्त्री पुनले चार–पाँच लाख विद्यार्थीको परीक्षाफल प्रकाशन गर्न नौ महिनासम्म समय लाग्नु अस्वीकार्य भएको बताए । उनले यस्तो अवस्थाको शीघ्र अन्त्य गर्नुपर्ने आवश्यकता औँल्याए।

मन्त्री पुनले विश्वविद्यालयहरू सम्बन्धन वितरणमै केन्द्रित हुँदा शैक्षिक गुणस्तरमा असर परेको टिप्पणी पनि गरे।

उनका अनुसार, ‘एसइई र कक्षा १२ मा जम्मा ४–५ लाख विद्यार्थी मात्रै छन्, तर पनि नतिजा निकाल्न ८–९ महिना लाग्छ। यसमा प्राध्यापकहरूको लापरवाही स्पष्ट देखिन्छ । अब यस्ता समस्याको समाधान गर्नैपर्छ,’ भन्दै उनले परीक्षा प्रणाली सुधारमा जोड दिए।

# ‘जनअधिकारको रक्षा र आर्थिक समृद्धिमा लाग्छौँ’

**कैलाली।**
नेपाली कम्युनिष्ट पार्टीका नेता डा भीम रावलले जनअधिकारको रक्षा र आर्थिक समृद्धिको मार्गलाई फराकिलो बनाउन आफ्नो पार्टीले अग्रमोर्चामा रहेर काम गर्ने बताएका छन्।



मङ्सिर १२ गते धनगढीमा हुने पार्टीको सन्देश सभाबारे जानकारी दिन यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले देशमा उत्पन्न विषम परिस्थितिबाट राष्ट्रलाई बाहिर ल्याउने आवश्यकता बोध गरी आफूहरू एक ठाउँमा आएको बताए । नेता रावलले पार्टी एकीकरणको सन्देश देशव्यापी रूपमा जनसमक्ष पुर्याउन पार्टीले सन्देश सभा गर्न लागेको र त्यसको सुरुआत सुदूरपश्चिमबाट हुन लागेको बताए । सन्देश सभाको व्यवस्थापनका लागि यहाँ रावलको संयोजकत्वमा मूल व्यवस्थापन समितिको गठन गरिएको छ । उक्त समितिले आवश्यक तयारी गरिरहेको त्यस अवसरमा जानकारी दिइयो।

प्रदेशस्तरी एकता सन्देश सभा सम्पन्न भएपछि मङ्सिर महिनाभित्र सुदूरपश्चिमका सबै जिल्ला, पालिका र वडामा समेत सभाको आयोजना गरिने जनाइएको छ ।रासस

# अराजकता र आपराधिक गतिविधि स्वीकार्य छैनः बस्नेत

**काठमाडौँ।**
पूर्वमन्त्री तथा एमाले पोलिटब्युरो सदस्य महेश बस्नेतले अराजकता र आपराधिक गतिविधि कुनै हालतमा स्वीकार्य नहुने बताएका छन्। राष्ट्रिय युवा संघको कोशी जागरण सभामा सहभागी हुन जाँदै गर्दा लोला हानिएको घटनापछि उनले प्रतिक्रिया दिँदै लोकतन्त्रमा विरोधका पनि मर्यादा हुने औँल्याए।

विराटनगर विमानस्थलमा आफूलाई लक्षित गरेर गरिएको रातो मसी छ्याप्ने तथा आक्रमण गर्ने प्रयासलाई बस्नेतले गम्भीर र निन्दनीय भने । उनका अनुसार शान्तिपूर्ण सभा–जुलुसमा सहभागी हुने र देशभर स्वतन्त्र रूपमा आवत–जावत गर्ने अधिकार प्रत्येक नागरिकको हो, तर आक्रमण र हिंसात्मक व्यवहार लोकतान्त्रिक संस्कृतिका विरुद्धका कार्य हुन्।

‘लोकतन्त्रमा विरोधको पनि मर्यादा हुन्छ,’ बस्नेतले भने, ‘हिंसा होइन—विचार, संवाद र लोकतान्त्रिक अभ्यासमार्फतै देश अगाडि बढ्छ। प्रहरीको तत्परताप्रति धन्यवाद। अराजकता र आपराधिक गतिविधि कहिल्यै स्वीकार्य हुँदैन।’

बाधाका बीच पनि कोशी प्रदेशमा राष्ट्रिय युवा संघ नेपालको जागरण सभा उत्साहपूर्णरूपमा सुरु भएको उनले बताए। ऊर्जा, सहभागिता र सकारात्मक सन्देशले भरिएको यो अभियानले देशभर नयाँ प्रेरणा दिने उनको दाबी छ।

यसैबीच, बस्नेतमाथि दुव्र्यवहार गर्न खोज्ने दुई जना पक्राउ परेका छन् । विराटनगर महानगरपालिका–२ का १९ वर्षीय अर्पित कुँवर र वडा १ का २५ वर्षीय संजोग गौतमलाई प्रहरीले नियन्त्रणमा लिएको हो । उनीहरूले बस्नेतविरुद्ध नाराबाजी गर्दै गाडीसम्म पुगेर रातो मसी छ्याप्ने प्रयास गरेको बताइएको छ । स्रोतका अनुसार घटना नेपाल विद्यार्थी संघसँग आबद्ध कांग्रेस निकट कार्यकर्ताद्वारा गरिएको हो।

# कृषि उत्पादन बढाउन बगैँचा व्यवस्थापनमा जोड

**गण्डकी ।**
पोखरा महानगरपालिका–३१ खनास्वारामा रहेको कागती बगैँचाको बागवानी विकास स्रोत केन्द्र मालेपाटनको प्राविधिक टोलीले स्थलगत अनुगमन गरी बगैँचा व्यवस्थापनमा जोड दिएको छ । टोलीले फार्मको बगैँचा व्यवस्थापन समग्र रूपमा सन्तोषजनक देखिए पनि गुणस्तरीय र उत्पादकत्व वृद्धिका लागि नियमित निगरानी र उचित कृषि प्रविधिको प्रयोग आवश्यक रहेको सुझाव दिएको छ । अनुगमनका क्रममा टोलीले कागती बगैँचामा कत्ले कीराको प्रकोप देखिएको र यसले उत्पादनमा दीर्घकालीन असर पार्न सक्ने भएकाले समयमै उपचार र जैविक कीट व्यवस्थापन विधि अपनाउन सुझाव दिएको छ।

बागवानी विकास स्रोत केन्द्र कृषि व्यवसाय प्रवद्र्धन प्रशिक्षण तथा स्रोत केन्द्र मालेपाटनका बरिष्ठ बागवानी अधिकृत सोनी रानाले फलफूल बगैँचा व्यवस्थापनमा जोड दिन सकेमात्र दिगो उत्पादन लिन सकिनेमा जोड दिए । 'यो समय बोटबिरुवाको काँटछाँट र बगैँचा सरसफाइमा ध्यान दिनु अपरिहार्य छ,' उनले भने, 'कागतीको बोटमा सुकेका र बढी भएका हाँगा समयमै हटाइएन भने विभिन्नखाले रोगको प्रकोप बढ्नुका साथै उत्पादनमा कमी आउने छ।'

बगैँचामा झरेका तथा कुहिएका कागतीका फलले रोग निम्त्याउने खतरा बढ्ने हुँदा त्यस्ता फललाई समयमै व्यवस्थापन गर्नुपर्नेमा उनको जोड थियो । आठ वर्षअघि झाडी फाडेको भिरालो पाखोमा लगाएका पाँच सय सोना जातका कागतीका बिरुवाले चार वर्षदेखि निरन्तर उत्पादन दिन थालेको र वार्षिक १५ लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएको फार्म सञ्चालक टुकाराम लामिछानेले जानकारी दिए।

यस वर्षको भदौ, असोज र कात्तिक तीन महिनामै कागती बिक्रीबाट नौ लाख रुपैयाँ आम्दानी गरेको बताउँदै लामिछानेले आजका मितिसम्म सरकारीस्तरबाट कुनै पनि सेवासुविधा उपलब्ध नभएको दुखेसो सुनाए । यतिखेर बजारमा कागती प्रतिकिलो दुई सय रुपैयाँदेखि दुई ५० रुपैयाँका दरले बिक्री भइरहेको छ।

पैसठ्ठी वर्षको उमेर पनि युवा जोशका किसान लामिछाने भने 'परम्परागत खेती प्रणाली अपनाउँदा बाँदर र अन्य जङ्गली जनावरले नष्ट गर्न थालेपछि विकल्पका रूपमा शुरु गरेको व्यावसायिक कागतीखेती पछिल्लो समय मुख्य आम्दानीको स्रोत बनेको छ।'

एलसी अग्र्यानिक कृषि फार्म दर्ता गरेर शुरु गरेका उनको निजी २६ रोपनी जग्गामा कागतीसँगै अन्तरबालीका रूपमा तरुल, खकबरे खुर्सानी, टिमुर, अमला, ओल, आभोकाडो, अम्बा, सुन्तला, ज्यामिर, निबुवा, ठूलो बयर, रातो केरा, हर्रो, मेकानियानटजस्ता विभिन्न जातका फलफूलका बिरुवा समेत फस्टाएका छन् । सो अवसरमा कागतीको उन्नत जात र रोगसँग लड्ने सक्ने क्षमता भएको बिरुवा उत्पादनका लागि आवश्यक नमूनासमेत सङ्कलन गरिएको टोलीमा संलग्न स्रोत केन्द्र बाली संरक्षण अधिकृत सुष्मा मरहठ्ठाले जानकारी दिए। रासस

# व्यवसायीले बल्ल पाए 'अण्डा' को लागत मूल्य

**चितवन ।**
अवैध अण्डा रोकिएपछि नेपाली किसानले अण्डाको लागत मूल्य पाएका छन् । निर्वाचनका कारण भारतीय सीमाक्षेत्रमा कडाइ गरिएसँगै अवैध रूपमा छिर्ने गरेको अण्डा रोकिएको छ । यससँगै नेपालमा अण्डाको मूल्य आजबाट लागू हुनेगरी भारी वृद्धि भएको हो ।

किसानको फार्म मूल्यलाई आधार बनाएर समर्थन मूल्य जारी गर्दै आएको नेपाल लेयर्स कुखुरापालक सङ्घले जारी गरेको मूल्यसूचीमा भारी वृद्धि भएको हो । यसअनुसार अति ठूलो (एक्सएल) अण्डा प्रतिक्रेट (३० वटाको) पाँच सय २०, ठूलो अण्डा पाँच सय पाँच र मिडिएम चार सय ९० रुपैयाँ कायम गरिएको छ ।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार यसअघिको मूल्यभन्दा प्रतिक्रेट ५५ रुपैयाँले बढेको हो । उनका अनुसार भारतीय अण्डा सीमाबाट अवैध रूपमा छिर्न रोकिएपछि नेपाली अण्डाले लागत मूल्य पाएको हो । भारतमा भएको निर्वाचनका कारण सिमानामा कडाइ र त्यहाँको अण्डाको खपतसँगै मूल्य बढेपछि अवैध रूपमा अण्डा नेपाल भित्रन नपाएको उनले बताए ।

सङ्घका सल्लाहकार त्रिलोचन कँडेलका अनुसार भारतमा प्रतिगोटा अण्डा भारतीय सात दशमलव ८० रुपैयाँमा बिकेको छ ।

भारतमा नै राम्रो मूल्य पाएपछि अवैध रूपमा नेपाल अण्डा भित्र्याउने प्रयाससमेत नगरिएको हो । कँडेलले भने, 'नेपालमा भारतीय अवैध अण्डा नभित्रिँदा किसानले लागत मूल्य पाउने देखियो ।' अण्डाको लागत मूल्य नेपालमा प्रतिगोटा १६ दशमलव ५७ रुपैयाँ पर्न आउँछ । अहिलेको दररेटमा अण्डा बिक्री गर्दा नेपालका किसानले लागत मूल्य पाएको उनले बताए ।

नेपालमा अण्डाको बजारीकरणमा जुटिरहेको सङ्घका अध्यक्ष पोखरेलले जाडो महिनामा अण्डाको खपत बढ्ने गरेको बताए । उनका अनुसार जाडोमा चिसोबाट जोगिनका लागि अण्डा खानुपर्छ भन्ने जनचेतना जगाउन सकेका कारण माग बढेको हो । तीन महिनाअघि ठूलो अण्डा प्रतिक्रेट पाँच सय ३० रुपैयाँ पुगेकामा क्रमशः चार सय रुपैयाँमा झरेको थियो । पुनः क्रमश बढ्दै गएर किसानले लागत मूल्य पाउने अवस्थामा पुगेको हो । यससँगै किसान लाभान्वित हुने भएका छन् । अहिले नेपालमा दैनिक ४० लाख गोटा हाराहारी अण्डा उत्पादन हुने गरेको अनुमान छ ।रासस

# एनपिएलः कुन टिम र कुन खेलाडीको कस्तो रह्यो प्रदर्शन ?

**काठमाडौँ ।**
यही मङ्सिर १ गतेदेखि शुरु भएको क्रिकेटको महाकुम्भ अर्थात् नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत आज 'विश्राम दिन' । जसअनुसार आज कुनै पनि खेलको तालिका छैन । कूल ३२ मध्ये आठ खेल भइसकेका छन् । विश्रामपछिको दिन अर्थात् सोमबारका लागि भने दुई खेल राखिएका छन् ।

प्रतियोगितामा हालसम्म सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्ग्स अविजित छन् । दुई–दुई खेल खेलेका यी टोली चार–चार अङ्कसहित क्रमशः पहिलो र दोस्रो स्थानमा छन् । तीन खेलमा एक जीतसँगै दुई अङ्क बटुलेको काठमाडौँ गोर्खाज अङ्क तालिकाको तेस्रो स्थानमा छ ।

दुई–दुई खेल खेलेका लुम्बिनी लायन्स, चितवन राइनोज र कर्णाली याक्सले एक–एक खेलमा जीत दर्ता गर्दै क्रमशः चौथो, पाँचौँ र छैटौँ स्थानमा छन् । सातौँ स्थानमा रहेको जनकपुर बोल्ट्स एउटा मात्रै खेल खेलेको छ । जनकपुर अहिले अङ्कविहीन छ । अङ्क तालिकाको पुच्छारमा पोखरा एभेञ्जर्स छ । पोखराले दुवै खेलमा हार बेहोरेको छ ।

खेलाडीतर्फ मार्क वाटको प्रदर्शन उत्कृष्ट देखिएको छ । लुम्बिनी लायन्सविरुद्धको खेलमा विस्फोटक ब्याटिङ गर्दै कर्णालीलाई जीत दिलाएका उनले दुई वटा विकेट लिएका छन् भने दुई वटा क्याच लिएका छन् । कुशल भूर्तेलले पनि ब्याटिङ, बलिङ र फिल्डिङबाट राम्रो प्रदर्शन गरेका छन् । उनले दुई खेलमा ११२ रन बनाएका छन् भने एक विकेट लिएका छन् साथै दुई वटा क्याच आउट लिएका छन् । हर्मित सिंहले पनि ब्याटिङमार्फत ५७ रन बनाउँदै चार विकेट लिएका छन् ।




**ब्याटिङमा विदेशी खेलाडी हावी**

हालसम्म भएका आठ खेलमा ब्याटिङमा विदेशी खेलाडी हावी देखिएका छन् । सबैभन्दा बढी रन बनाउने शीर्ष १० ब्याटरमा सात जना विदेशी खेलाडी छन् । कर्णालीका लागि दुई खेल खेलेका स्कट्ल्याण्डका मार्क वाटले एक शतकसहित १३० रन बनाएका छन् । उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा ११४ रन बनाएका थिए ।

इङ्ग्ल्याण्डका रवि बोपाराले दुई खेलमा दुई वटा अर्धशतकसहित ११८ रन बनाएका छन् भने नेपाली खेलाडी कुशल भूर्तेलले पनि दुई अर्धशतकसहित ११२ रन जोडेका छन् । भारतीय खेलाडी प्रियाङ्क पञ्चालले एक अर्धशतकसहित १०२ रन बनाएका छन् भने नेपाली खेलाडी रोहित पौडेलले ८८ रन बनाएका छन् । त्यसैगरी मार्टिन गुप्टिल र लोकेश बमले एक–एक अर्धशतकसहित समान ८६ रन जोडेका छन् । इङ्ग्ल्याण्डका बेन चाल्र्सवर्थले पनि समान ८६ रन नै बनाएका छन् ।

**बलिङमा केसी अगाडि**

हालसम्म सबैभन्दा बढी विकेट लिनेमा काठमाडौँ गोर्खाजका कप्तान करण केसी छन् । उनी एक्लैले छ विकेट लिएका छन् । उनले सुदूरपश्चिम रोयल्सविरुद्धको खेलमा चार विकेट लिएका थिए । सुदूरपश्चिमविरुद्ध चार ओभर बलिङ गरेका उनले सात दशमलव ५० को इकोनोमीमा ३० रन खर्चिएका थिए । केसीले हालसम्म सात दशमलव ८८ इकोनोमीमा रन खर्चिएका छन् ।

मिलिन्द कुमारले पाँच विकेट लिएका छन् ।

उनले जनकपुर बोल्ट्सविरुद्धको खेलमा तीन विकेट लिएका थिए । उक्त खेलमा चार ओभर बलिङ गर्ने क्रममा उनले तीन दशमलव ७५ को औसतमा १५ रन खर्चिए । हर्मित सिंह र मर्चेन्ट डे लांगेले हालसम्म समान चार–चार विकेट लिएका छन् ।

साथै रुवेन ट्रम्पप्लेमान, सन्दीप लामिछाने, स्कट लुगेलेजिन, सहाब आलम, सोमपाल कामी, हेमन्त धामी, शुभम रञ्जने, जिमी निशम, आकाश चन्दले समान तीन–तीन विकेट लिएका छन् ।

**स्ट्राइक रेटमा जैब अब्बल**

चितवनका सैफ जैब स्ट्राइक रेटमा अब्बल देखिएका छन् । यद्यपि उनले दुई खेलमा जम्मा ५३ रन बनाएका छन् । उनले २३० दशमलव ४२ को स्ट्राइक रेटमा रन बनाएका छन् । दुई सयभन्दा बढी स्ट्राइक रेट हुने खेलाडीमा हर्मित सिंह, जर्ज मुन्से, मार्क वाट छन् ।

**आलमको किफायती बलिङ**

किफायती बलिङ गर्नेमा भने नेपालका सहाब आलम अगाडि छन् ।

उनले प्रतिओभर चार दशमलव ७२ मात्रै दिएका छन् । उनले तीन खेलमा ११ ओभर बलिङ गरेका छन् । उनले औसतमा २२ रनमा एक विकेट लिएका छन् ।

हर्मित सिंहले पनि पाँच दशमलव ३७ इकोनोमीमा किफायती बलिङ गरेका छन् । दुई खेलमा आठ ओभर बलिङ गरेका उनले ४८ रन दिएर चार विकेट हात पारेका छन् । सन्दीप लामिछानेले पनि पाँच दशमलव ५० इकोनोमीमा बलिङ गरेका छन् ।

लामिछानेले दुई खेलमा आठ ओभर बलिङ गर्दै ४४ रन खर्चिएका छन् भने तीन विकेट हात पारेका छन् । सबैभन्दा बढी इकोनोमी हुनेमा डि आर्की सर्ट र म्याट टेलर छन् । दुवैले प्रतिओभर औसतमा १२ रन खर्चिएका छन् ।

**५९ पटक क्याच आउट**

आठ खेलमा ५९ पटक खेलाडीहरु क्याच आउट भएका छन् । यस अवधिमा कूल ४० जनाले क्याचमार्फत आउट गरेका छन् । सबैभन्दा बढी क्याच लिनेमा चार खेलाडी कुशल भूर्तेल, सन्दीप जोरा, स्कट लुगेलेजिन र मोहम्मद आदिल आलम छन् । यी खेलाडीले हालसम्म समान तीन–तीन वटा क्याच लिएका छन् ।

**विराटनगरको उच्च स्कोर**

एनपिएलको जारी संस्करणमा विराटनगर किङ्ग्सले सबैभन्दा बढी रन बनाएको छ । उसले पोखरा एभेञ्जर्सविरुद्धको खेलमा २० ओभरमा छ विकेटको क्षतिमा २२० रन बनाएको थियो । त्यस्तै सबैभन्दा बढी रन बनाउने दोस्रो स्थानमा सुदूरपश्चिम रोयल्स छन् । सुदूरपश्चिमले पोखराविरुद्ध १९३ रन बनाएको थियो ।

त्यसैगरी, कम स्कोर बनाउनेमा काठमाडौँ गोर्खाज छ । काठमाडौँ गोर्खाज सुदूरपश्चिम रोयल्सविरुद्ध लक्ष्य पछ्याउने क्रममा ११८ मा अलआउट भएको थियो ।रासस

# एनपीएलः सोमबार दुई खेल हुने

**काठमाडौँ ।**
दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल)को आज सातौँ दिन आइतबार खेल राखिएको छैन । नेपाल क्रिकेट सङ्घले यसअघि नै सार्वजनिक गरेको खेलतालिकामा आज विश्राम दिन राखिएको थियो ।

भोलि सोमबार भने त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला कीर्तिपुरमा दुई खेल हुनेछन् । बिहान ११:४५ बजे हुने पहिलो खेलमा जनकपुर बोल्ट्स र विराटनगर किङ्ग्सबीच प्रतिस्पर्धा हुँदैछ । त्यसैगरी, दोस्रो खेल दिउँसो ४:०० बजे कर्णाली याक्स र सुदूरपश्चिम रोयल्सबीच हुनेछ ।

हालसम्मको अङ्कतालिकाअनुसार दुई–दुई खेल खेलेका सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्ग्स चार–चार अङ्कसहित पहिलो र दोस्रो स्थानमा छन् । तीन खेल खेलिसकेको काठमाडौँ गुर्खाज भने दुई अङ्क जोड्दै तेस्रो स्थानमा छ । दुईवटा खेल खेलेको पोखरा भने दुवै पराजित हुँदै पुछारमा छ ।

मङ्सिर १ गतेदेखि शुरु एनपीएलमा जनकपुर बोल्ट्स, सुदूरपश्चिम रोयल्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स, विराटनगर किङ्ग्स, चितवन राइनोज, काठमाडौँ गुर्खाज र लुम्बिनी लायन्स गरेर आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन् । मङ्सिर २७ गते फाइनल हुनेछ ।रासस

# तरकारीखेतीले फेरिँदै जीवनशैली

**बागलुङ ।**
बसाइँसराइले हरेक वर्ष गाउँका घर रित्तिँदै छन् । खेतीयोग्य जमिन वनमाराले ढाक्दैछ । गाउँमा बस्नेहरू कोही पनि खाली बस्दैनन् । उनीहरू बिहानदेखि साँझसम्म बारीमै काम गर्छन् । अशिकांश स्थानीयले बारीमा साग, मुला, बन्दा, गोलभेँडालगायत विभिन्न प्रजातिका तरकारी फलाउँछन् । कोहीले उत्पदान गर्छन् । यही बेचेरै आफ्नो परिवार चलाउँछन् । बागलुङको काठेखोला गाउँपालिका–८ लेखानी जिल्ला सदरमुकाम बागलुङ बजार नजिकैको गाउँ हो ।



विकासका हिसाबले लेखानी गाउँ सुगम नै मानिए पनि धेरैको रोजाइ शहरबजार र विदेश परेको छ । तर गाउँमा बस्नेलाई भने आफ्नै खेतबारी र खेतीपाती प्यारो छ । यस गाउँका झण्डै एक सय परिवार तरकारीखेतीमा आबद्ध छन् । बजार नजिक र तरकारीखेतीका लागि उपयुक्त वातावरण भएको हुँदा किसानको आकर्षण पनि उत्तिकै छ । धान, गहुँ, मकै र कोदो उत्पादन गर्न धेरै जनशक्ति चाहिने र खर्च पनि बढी हुनेहुँदा पछिल्लो समय अधिकांश स्थानीय तरकारीखेतीमा आबद्ध भएका हुन् । तरकारीखेतीबाट राम्रो आम्दानी हुने हुँदा लेखानीवासीले गर्दै आएको कर्म छिमेकी गाउँलेले पनि सिको गर्न थालेका छन् । पहिले बन्दा र काउली बजारबाट किनेर लैजाने स्थानीय अहिले हजारौँ किलो तरकारी बजार पठाउँछन् ।

व्यावसायिक तरकारीखेतीबाट राम्रो आम्दानी हुन थालेपछि स्थानीयको जीवनस्तर सुधार हुँदै गएको स्थानीय लीलाधर कँडेलले बताए । गाउँमै तरकारीखेती गरेर सहज रूपमा परिवार पाल्न सकिँदासकिँदै पनि धेरैले शहर रोज्ने गरेको उनी बताउँछन् ।

उनले भने, 'गाउँमा सुन फलाउन सकिन्छ, तर गाउँका मान्छे कोही जापान, कोही कोरिया, कोही अमेरिका, कोही चितवन, पोखरा, काठमाडौँ गए, गाउँमा भएकाले खेती किसानी गर्न थालियो, शुरुमा त आफू जान नपाएकामा निरासा लाग्थ्यो, तर अहिले यहीँ खुसी लाग्छ, तरकारीले त गाउँका धेरैलाई खुसी दिएको छ, तरकारीखेती गरेका कोही पनि भोकै बस्नुपरेको छैन, राम्रै खान पाएका छन्, राम्रै लाउन पाएका छन् ।'

गाउँका किसानलाई स्थानीय पालिका र विभिन्न सङ्घसंस्थाले पनि सहयोग गर्दै आएका छन् । अनुदान र प्राविधिकसहित तालिम पाएका स्थानीय उत्साहित बनेका छन् । गाउँभरि प्लास्टिकका टनेल भेटिन्छन् । गाउँलेले तरकारीखेतीप्रति रुचि देखाएपछि दुई वर्ष अगाडि गाजा फाउन्डेसनले ५० परिवारलाई तरकारीखेती गर्ने तालिम र अनुदानसमेत दिएको थियो । त्यसपछि गाउँमा तरकारीखेती गर्नेको लर्को लाग्न थालेको छ ।

तरकारीखेती गर्न थालेपछि परिवारको आर्थिक अवस्था उकासिएको स्थानीय लक्ष्मी कँडेलले बताए । तरकारी बेच्न थालेपछि परिवारको खर्च चलाउन सहज भन्दै बजार नजिक रहेको हुँदा बिक्रीका लागि समस्या नभएको उनको भनाइ छ ।

गाउँबाट दैनिक गाडी बजार जानेआउने हुँदा तकारी पठाउन र सामान ल्याउनका लागि सहज भएको कँडेलले बताए । शुरुमा एउटा बारीमा मात्र शुरु गरेको तरकारीखेती अहिले बढाएर तीन बारीमा गर्न थालेको उनि बताउछन् ।

'तरकारीखेती गर्नका लागि विभिन्न संस्थाले प्रेरित गरे, शुरुमा छिमेकी बसाइँ सरेर तराई जाँदा मलाई पनि जानुपर्छ कि भन्ने सोच आएको थियो, तर अहिले गाउँका छरछिमेक सबैले तरकारीखेती गर्न थालेपछि यहीँ रमाइलो लाग्न थाल्यो,' उनले भने, 'बजार पाइँदैन कि भन्ने समस्या त छैन, कहिलेकाहीँ बाहिरबाट सस्तोमा तरकारी आउँदा हामीले पनि कम मूल्यमा दिनुपर्ने अवस्था आउँछ, राज्यले बाहिरबाट आउने तरकारीलाई रोक्न सके हामीजस्ता किसानले भनेको जस्तो मूल्य पाइन्थ्यो ।'

पहिले परम्परागत रूपमा तरकारीखेती गर्दा उत्पादन बढाउन नसकेको भन्दै अहिले वार्षिक पाँच लाख रुपैयाँ बढीको तरकारी बिक्री गर्ने गरेको स्थानीय लीलप्रसाद कँडेलले बताए । आफूले एक दशकदेखि नै तरकारीखेती गर्दै आएको सुनाउँदै गत वर्षदेखि खेतीलाई थप विस्तार गरेको उनको भनाइ छ । पहिले गाउँमा तरकारी बेच्ने चलन नभएको सुनाउँदै पछिल्लो समय किसान व्यावसायिक बन्दै गएको कँडेलले बताए ।रासस

# व्यापार बढाउने माध्यम बन्यो एनपिएल

**काठमाडौँ ।**
कीर्तिपुरको उमामहेशवरस्थित क्वाचो खाजा घरमा एक सातायता मानिसहरुको चहलपहल पहिले भन्दा निकै बाक्लो भएको छ । पहिले दिनमा मानिसहरुको सामान्य चहलपहल हुने गरेको भएपनि अहिले भने खाजा खाने ग्राहक बढेपछि खाजा घरका सञ्चालक माइला महर्जनलाई भ्याइनभ्याइ भएको छ । यसरी ग्राहक ह्वात्तै बढ्नुको कारण हो, नेपाल प्रिमियर लिग (एनपिएल) ।

यही मङ्सिर १ गतेदेखि क्रिकेटको महाकुम्भ अर्थात एनपिएल कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा शुरु भएको छ । जहाँ हजारौँ दर्शक क्रिकेटको साक्षी बन्न पुग्न थालेका छन् । एनपिएलका लागि जाने दर्शकहरु कीर्तिपुरबासीका लागि आर्थिक आर्जनको माध्यम बनेका छन् ।

खास गरी मौलिक नेवारी खाना, कृषि उपज र हस्तकला सामग्रीको बजारीकरणका लागि एनपिएल सहयोगी बनेको उनीहरुको बुझाइ छ । कीर्तिपुरको प्रसिद्ध लहना नेवारी रेस्टुरेन्टमा पनि ग्राहकको भीड बढेको सञ्चालक राजमान महर्जनले बताए ।

'पोहर साल हरेक दिन जसो जित्ने टोलीका समर्थकहरुले रेष्टुरेन्ट भरिएको हुन्थ्यो, यसपाली पनि संख्या बढ्दो छ", उहाँले भन्नुभयो । कीर्तिपुरमा रहेका ८० वटा रेस्टुरेन्टमध्ये अधिकांशमा नेवारी परिकार पाइन्छ ।

रेष्टरेन्टहरुले पनि ग्राहक बढाउनका लागि ठूलो स्क्रिनमा खेल देखाउन थालेका छन् । ससः नेवारी रेस्टुरेन्टका प्रवन्धक रिजन महर्जन एनपिएल कीर्तिपुरको व्यवसाय बढाउने माध्यम भएको बताए । 'हामीले बिक्री गर्ने परिकारमा सकेसम्म स्थानीय उत्पादन नै प्रयोग गर्छौं, परिकारसँगै हामीले पराल र मकैको खोस्टाबाट बनेका हस्तकलाका सामग्री पनि प्रदर्शनीका लागि राखेका छौँ,' उनले भने । रेष्टुरेन्टले एनपिएल अवधिभर खानामा १० प्रतिशत छुटको पनि व्यवस्था गरेको छ ।रासस

# म्याङलुङ–तमोर लुबुघाट सडकखण्ड स्तरोन्नति गरिँदै



**तेह्रथुम ।**
म्याङलुङदेखि तमोर लुबुघाटसम्मको १८ किलोमिटर सडकखण्डको स्तरोन्नति भइरहेको छ । एक सातायता म्याङलुङ नगरपालिका–१ र २ ले संयुक्त रूपमा सडक स्तरोन्नति गरिरहेको छ ।

म्याङलुङ–१ का वडाध्यक्ष बुद्धिराज लिम्बूका अनुसार काम सम्पन्न भएपछि हिसाब गरेर आधा–आधा बजेट दुवै वडाले व्यहोर्ने छन् । म्याङलुङ–२ का वडाध्यक्ष राजकुमार लिम्बूले ८० प्रतिशत सडक स्तरोन्नतिको काम सकिएको बताए । नगरपालिकाको स्काभेटर र ट्याक्टर प्रयोग गर्दै म्याङलुङ–१ र २ नम्बर वडाले मिलेर कच्ची सडक स्तरोन्नति गरिँदै छ ।

यो सडक सदरमुकामलाई छिमेकी जिल्ला पाँचथरको फिदिमसँग छोटो दूरीमा जोड्ने महत्त्वपूर्ण मार्ग हो । यो सडक पाँचथरको कुम्मायक गाउँपालिकाबाट म्याङलुङको शुक्रबारे हटिया आउन प्रयोग हुँदै आएको छ । यो सडक तेह्रथुम–पाँचथर दुवै जिल्लाका बासिन्दाका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।

कुम्मायक गाउँपालिकाका लागि सबैभन्दा नजिकको ठूला हटिया म्याङलुङ भएकाले त्यहाँ उत्पादित दाल, बदाम, मकै, कुखुरा, सुङ्गुरका पाठालगायत कृषि तथा पशुपालनजन्य वस्तु यही बजारमा बिक्री गरिँदै आएको छ । पहिला घण्टौँ हिँडेर कठिन यात्रा गर्दै सामान ल्याउने किसान यो सडक बनेपछि लुबुघाटदेखि म्याङलुङसम्म ट्याक्टरमार्फत सहज रूपमा आवतजावत गर्दै आएका छन् ।

वर्षातको पानीले खाल्डाखुल्डी बनाएर सवारीसाधन आवतजावतमा कठिनाइ भएपछि सडक स्तरोन्नतिपछि भने कुम्मायकबाट म्याङलुङको हटियामा आउने स्थानीयवासीलाई थप सहज हुने छ । म्याङलुङबाट पाँचथर फिदिम र तमोर करिडोरमार्ग भएर सुनसरीको धरानसम्म आवतजावत गर्न पनि यसबाट सुविधा पुग्ने छ ।रासस

# सडक मापदण्डभित्रका बासिन्दालाई क्षतिपूर्ति दिइँदै

**गुल्मी ।**
मदन भण्डारी राजमार्गअन्तर्गत रिडी–तम्घास सडक क्षेत्रका स्थानीयलाई क्षतिपूर्तिबापतको रकम उपलब्ध गराउन सुरु गरिएको छ । मदन भण्डारी राजमार्ग योजना कार्यालयले उक्त क्षेत्रमा सडक स्तरोन्नतिका क्रममा सडक मापदण्डभित्र पर्ने घरटहरा र संरचनाको रकम उपलब्ध गराउन थालेको हो ।

रिडी–तम्घास सडकमा मदन भण्डारी राजमार्ग योजना कार्यालयले क्षतिपूर्तिबापत स्थानीयलाई हालसम्म एक करोड ५२ लाख रुपैयाँ भुक्तानी गरिसकेको सूचना अधिकारी एवं इन्जिनियर हुमनाथ पौडेलले जानकारी दिए । यसपटक कम बजेट विनियोजन भएका कारण यस आर्थिक वर्षमा ५० प्रतिशतमात्र उपलब्ध गराइएको उनले बताए ।

कार्यालयले रिडी–तम्घास सडकखण्डमा सडक मापदण्डभित्र पर्ने २७ घरटहरा तथा संरचनाको क्षतिपूर्ति उपलब्ध गराइसकेको छ । उक्त खण्डमा क्षतिपूर्तिबापत पाँच करोड २३ लाख ६१ हजार रुपैयाँ मूल्याङ्कन गरिएको छ । सो मूल्याङ्कनमध्ये हालसम्म एक करोड ५२ लाख रुपैयाँ मात्र भुक्तानी उपलब्ध गराएको कार्यालय प्रमुख रमेश चौधरीले जानकारी दिए । क्षतिपूर्ति प्राप्त गर्न मापदण्डभित्र पर्ने संरचना हटाएपछि मात्र भुक्तानी पाउने भएकाले अन्य व्यक्तिको भुक्तानी पनि प्रक्रियामा रहेको उनले बताए ।

कार्यालयले पहिलो चरणअन्तर्गत एक सय दुई जनालाई क्षतिपूर्ति रकम उपलब्ध गराउन लागेको हो । जिल्लामा मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिबाट भएको निर्णयअनुसार जिल्ला प्रशासन कार्यालयले यसअघि नै क्षतिपूर्ति पाउनेहरूको नामावली सार्वजनिक गरी सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ । त्यसका लागि प्रभावित क्षेत्रका घरधनीलाई कार्यालयले मापदण्डभित्र पर्ने घरटहरा र संरचना हटाउन सूचित गरिसकेको छ ।

क्षतिपूर्ति प्राप्त गर्न सडक स्तरोन्नतिका क्रममा घरटहरा, शौचालय, गोठ तथा अन्य भौतिक संरचनाको आवश्यक कागजात पेस गर्न सम्बन्धित संरचना धनीलाई आग्रहसमेत गरिसकेको सूचना अधिकारी पौडेलले बताए । प्रभावित घरधनीले क्षतिपूर्ति प्राप्त गर्न नागरिकता र लालपुर्जाको प्रतिलिपि, ब्लुप्रिन्ट नक्सा, वडा कार्यालयको सिफारिस, घरधनीको निवेदन, आव २०८२–८३ को तिरो तिरेको रसिद, वडा कार्यालयको मुचुल्का तथा घरको चारैतिर देखिने तस्बिर आवश्यक पर्ने बताइएको छ ।

मदन भण्डारी राजमार्गअन्तर्गत रिडी–तम्घास सडकखण्डको रिडीदेखि गुल्मीदरबार गाउँपालिकाको रुन्खादहसम्म २५ किलोमिटर सडक स्तरोन्नति र कालोपत्रको काम भइरहेको छ । उक्त सडक स्तरोन्नतिका लागि जिल्लाको रुरुक्षेत्र गाउँपालिका, छत्रकोट र गुल्मीदरबार गाउँपालिकाले निर्माणकार्यलाई सहज र प्रभावकारी बनाउन सडक मापदण्डभित्र पर्ने घरटहरा तथा संरचना हटाउन स्थानीयलाई आग्रह गरेको छ ।रासस

# अमाह सिमसार पर्यटकीय गन्तव्य



**सुनसरी।**
बराहक्षेत्र नगरपालिका–४ र ५ मा रहेको अमाह सिमसार अहिले आन्तरिक र बाह्य पर्यटकको आकर्षक गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । करिब ५२ हेक्टरमा फैलिएको यो सिमसार क्षेत्र हरियाली जङ्गलको बीचमा अवस्थित आकर्षक प्राकृतिक भूदृश्यका कारण दैनिक रूपमा हजारौँ पर्यटकको गन्तव्य बनेको छ।

अमाह सिमसारका अध्यक्ष भोजराज घलेका अनुसार सिमसारको मौलिक वातावरण, खुला क्षेत्रमा फैलिएको हरियाली र सिमसारभित्र बनाइएका चार ठूलाठूला पोखरी मुख्य आकर्षण हुन् । पहिला पोखरी जीर्ण अवस्थामा थिए तर सङ्घीय र प्रदेश सरकारको सहयोगमा जीर्णोद्धार गरिएपछि पोखरीमा अहिले विभिन्न प्रजातिका माछा हालिएको छ, अवलोकनका लागि पनि धेरै पर्यटक आउने गरेका छन्।

सिमसार क्षेत्रभित्र अमाह देवीथान मन्दिर पनि छ, जुन धार्मिक पर्यटकको प्रमुख गन्तव्य रहेको अध्यक्ष घले बताउछन । जहाँ उधौली–उभौलीका बेला विशेष पूजा गरिन्छ । यहाँ पूजा गर्दा हराएको सामान फेलापर्ने जनविश्वासका कारण पनि यहाँ दैनिक रूपमा भक्तजन आउने गरेका अध्यक्ष घलेले बताए।

सिमसार क्षेत्रमा दैनिक दुई हजारदेखि दुई हजार ५०० जति पर्यटक आउने गरेका छन् भने शनिबार तथा सार्वजनिक बिदाका दिन करिब १० हजारसम्म पर्यटक आउने गरेका उनको भनाइ छ । अध्यक्ष घलेले भने, 'ठूलो खुला क्षेत्रफलमा फैलिएको ठाउँ भएका कारण एकैपटकमा ७० देखि ८० वटा समूहले वनभोज (पिकनिक) खान सक्ने क्षमता रहेकाले विशेषगरी पिकनिक तथा शैक्षिक भ्रमणका लागि यो स्थल लोकप्रिय बन्दै गएको छ ।' धेरैजसो पर्यटक असोजदेखि माघ, फागुनमा अत्यधिक वृद्धि हुने गरेको अधयक्ष घलेले बताए।

सिमसार सामुदायिक वन नजिकै भएकाले साँझपछि हात्ती देखापर्ने सम्भावना रहने भएकाले सुरक्षाका हिसाबले ५ः३० पछिको समय व्यवस्थापन गरेर पर्यटकलाई आफ्नो गन्तव्यतर्फ पठाइने गरिएको अध्यक्ष घलेले जानकारी दिए । अमाह सिमसारभित्र हरिण, बँदेल, अजिङ्गर, बाँदर, दुम्सी, चिललगायतका विभिन्न वन्यजन्तु पाइने भएकाले जैविक विविधता अवलोकन गर्न चाहने पर्यटक पनि यहाँ आउने गरेका छन्। यही चहलपहलका कारण स्थानीय आधा दर्जनभन्दा बढी व्यापारी सिमसार क्षेत्रमा व्यवसाय सञ्चालन गर्दै आएका छन्।

प्रदेश सरकारले २०७८÷७९ मा २० लाख रुपैयाँ र २०७६÷७७ मा १० लाख रुपैयाँ बजेट विनियोजन गरिदिएकाले सिमसारको कम्पाउण्ड, गेट तथा भित्र चिल्ड्रेन पार्क निर्माण गरिएको अध्यक्ष घलेले बताए।

पोखरीको जीर्णोद्धार, जनावरको बासस्थान संरक्षण र सिमसारको थप प्रवद्र्धनका लागि प्रत्येक वर्ष प्रदेश र सङ्घीय सरकारबाट सहयोग हुँदै आएको उनले बताए।रासस

# सावधानी अपनाउन प्राधिकरणको आग्रह

**काठमाडौँ ।**
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ६ मङ्सिरमा देशभर १८ विपद्का घटना भए । त्यसमा आगलागीका मात्र १५ घटना थिए । उदयपुर, रौतहट, बारा, काठमाडौँ र कपिलवस्तुमा आगलागीका दुई–दुईवटा घटना घटेका छन् ।

मकवानपुर, चितवन, कास्की र कैलालीमा आगलागीका कारण ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भयो । सो दिन मनाङको नासो गापा–१ तालडाँडास्थित बेँसीसहर–चामे सडकखण्डमा माथिबाट सुक्खा पहिरो खसी बाटो दुवैतर्फ अवरोध भयो । धनुषा र डडेल्धुरामा सर्पदंशका घटना भयो । विपद्का कारण दुई जना घाइते भए भने अनुमानित क्षति ५३ लाख सात हजार ५५० रुपैयाँ बराबर भयो ।

त्यसैगरी, मङ्सिर ५ गते देशभर १९ वटा विपद्का घटना हुँदा १५ वटा आगलागीका थिए । त्यस दिन सुनसरी र पर्सामा दुई–दुईवटा आगलागीका घटना भएका थिए । प्राधिकरणका अनुसार झापा, पाँचथर, सुनसरी, खोटाङ, उदयपुर, सर्लाही, रौतहट, बारा, लमजुङ, पर्वत, नवलपरासीपूर्व र पाल्पामा आगलागी हुँदा भौतिक सम्पत्तिको क्षति भयो । त्यस दिन पाल्पाको रिब्दीकोट–३ मा सुक्खा पहिरो खस्दा बाटो पूर्ण रूपमा अवरोध भएको थियो । सप्तरी, चितवन र मुगुमा जनावर आक्रमणका कारण घाइते भएकालाई उपचारका लागि नजिकैको अस्पताल पुर्याइयो ।

प्राधिकरणका अनुसार मङ्सिर ४ गते देशभर २० विपद्का घटना हुँदा आगलागीका मात्र १३ वटा थिए । एकैदिन रुपन्देही र कास्कीमा तीन–तीनवटा आगलागीका घटना भए । झापमा दुई, मोरङ, सुनसरी, सिरहा, बारा, दाङमा आगलागीका कारण भौतिक क्षति भयो । विपद्का घटनामा परेर त्यस दिन ११ जना घाइते हुँदा अनुमानित क्षति रु १३ लाख ६५ हजारबराबर भयो । त्यस दिन जनावर आक्रमणका पाँच घटना भए । झापा, मोरङ, धनुषा, बझाङ र अछाममा जनावर आक्रमणका घटना घटेका थिए ।

त्यस्तै, मङ्सिर ३ गते देशव्यापी रूपमा १६ विपद्का घटना घटेका थिए । त्यसमा आगलागीका मात्रै १२ घटना थिए । लेक लाग्ने तीन र जनावर आक्रमणका एक घटना घटेका थिए । विपद्का कारण रु दुई करोड ७६ लाख ३१ हजारबराबरको क्षति भयो । प्राधिकरणको विवरण अनुसार मङ्सिर २ गते कुल १७ विपद्का घटना हुँदा आगलागीका १३ घटना भए । कञ्चनपुर, सुनसरीमा मात्रै दुई दुईवटा आगलागीका घटना भए । त्यस दिन झापा, उदयपुर, सप्तरी, सिरहा, तनहुँ, नवलपरासीपूर्व, रुपन्देही र अछाममा आगलागी भएको थियो । लेक लाग्नु, सर्पदंश, जनावर आक्रमणका एक–एक घटना भएका थिए । त्यस दिन विपद्मा परेर पाँच जना घाइते भए भने रु ३१ लाख १४ हजारबराबरको भौतिक क्षति भयो ।

त्यसैगरी, मङ्सिर १ गते कुल १० विपद्का घटना घटेकामा सबै आगलागीका थिए । आगलागीमा परेर दुई जना घाइते भए भने रु १४ लाख ९३ हजारबराबरको धनमाल जलेर नष्ट भएको थियो । प्राधिकरणको यो विवरणअनुसार कतिपय आगजनी असावधानीका कारण भएको छभने कतिपय अवस्थामा विद्युत् सर्ट भएको छ ।

जनचेतनाको अभाव एवं लापरवाहीका कारण आगजनी हुँदा ठूलो क्षति हुनपुगेको छ । प्राधिकरणले आगो बाल्दा र ज्वलनशील पदार्थ चलाउँदा सावधानी अपनाउन आग्रह गरेको छ । सामान्य सावधानी अपनाउँदा पनि ठूलो मेहेनतले सृजना गरेको भौतिक सम्पत्ति जोगाउन सकिने भन्दै प्राधिकरणले सबैलाई पूर्वसतर्कता अपनाउन आग्रह गरेको छ ।रासस

# प्रतिनिधिसभा निर्वाचनः तनहुँमा आठ हजार ३६६ मतदाता थपिए

**तनहुँ ।**
जिल्लामा आठ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदाता दर्ता अभियान सञ्चालन गरिएकामा जिल्लामा आठ हजार ३६६ मतदाता थपिएका हुन् ।

गत असोज ९ देखि मङ्सिर ५ गतेसम्म मतदाता दर्ता गर्न सकिने व्यवस्था रहेकामा कार्यालयमा पुगेर र राष्ट्रिय परिचयपत्रमार्फत मतदाता नामावली दर्ता भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए ।

लम्सालका अनुसार कार्यालयमै पुगेर तीन हजार २०० जनाले नाम दर्ता गराएका छन् । त्यसमध्ये महिलाको सङ्ख्या एक हजार ३८२ र पुरुषको सङ्ख्या एक हजार ८१८ रहेको छ । यस्तै राष्ट्रिय परिचयपत्रमार्फत पाँच हजार १६६ जनाले नाम दर्ता गराएका छन् ।

राष्ट्रिय परिचयपत्र बनाएकाले सिधै अनलाइनमार्फत नाम दर्ता सक्ने व्यवस्था गरिएपछि मतदातालाई सहज भएको छ । कार्यालयमा पुगेरभन्दा धेरै मतदाताले राष्ट्रिय परिचयपत्रमार्फत नाम दर्ता गराएको कार्यालयले जनाएको छ । यसैगरी नौ सय छ जनाले ठाउँसारी र दुई सय ९७ जनाले त्रुटि सच्याउनका लागि कार्यालयमा निवेदन दिएको लम्सालले बताए । विसं २०८२ असोज ८ गतेसम्म जिल्लामा दुई लाख ४७ हजार चार जना मतदाता छन् । त्यसमध्ये एक लाख १९ हजार ८९ पुरुष र एक लाख २७ हजार ९१५ महिला रहेको कार्यालयले जनाएको छ । तनहुँमा दुईवटा मतदान केन्द्र थप्नका लागि निर्वाचन आयोगमा सिफारिस गरिसकिएको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिको बैठकले ऋषिङ गाउँपालिका–४ स्थित पद्मज्योति आधारभूत विद्यालय र ऋषिङ गाउँपालिका–६ स्थित धर्म आधारभूत विद्यालयमा मतदान केन्द्र थप्न आयोगमा सिफारिस गरेको छ ।

प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले ऋषिङ गाउँपालिका–४ र ६ मा यसअघि एक–एक मतदान केन्द्र रहेकामा थप एक–एक मतदान केन्द्र थप्न आवश्यक रहेकाले सोहीबमोजिम आयोगमा पठाइएको जानकारी दिए । जिल्लाका दुईवटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा तीन सय पाँच मतदान केन्द्र छन् ।रासस

# मोटरसाइकल दुर्घटनामा मृत्यु

**झापा ।**
मेचीनगर नगरपालिका–१५ हेल्दुवारीस्थित भित्री सडकखण्डमा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही वडाका ३८ वर्षीय विनोद राउत रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काले जानकारी दिए । शनिबार साँझ भद्रपुरबाट इँटाभट्टातर्फ गइरहेको प्र१–०१–०१३प ३३३६ नम्बरको मोटरसाइकलले सडकको साइडमा रोकेर राखेको प्र१–०१–००१त ९९७७ नम्बरको ट्याक्टरलाई ठक्कर दिई दुर्घटना हुँदा मोटरसाइकल चालक राउत र पछाडि बसेका २१ वर्षीय निश्चल भुजेल घाइते भएका थिए । टाउको र शरीरको विभिन्न भागमा चोट लागी गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि विर्तामोडस्थित बीएन्डसी अस्पताल लागिएको थियो । उपचारकै क्रममा राउतको मृत्यु भएको उनले बताए । ट्याक्टर र ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

त्यसैगरी, गौरीगञ्ज गाउँपालिका–१ कुञ्जीबारी बजारमा बीउबिजनको व्यापार गर्न आउनुभएका शिवसताक्षी नगरपालिका–५ का ७२ वर्षीय सम्पतलाल राजवंशीको शनिबार मृत्यु भएको छ ।

शनिबार दिउँसो अचानक चक्कर लागि बेहोस भएपछि उहाँलाई उपचारका लागि दमक अस्पताल दमक पठाइएको थियो । उपचारका क्रममा साँझ चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खड्काले जानकारी दिनुभयो ।रासस

# जनमतले १५ जिल्लामा प्रशिक्षण चलाउने



**काठमाडौँ।**
जनमत पार्टीले तराई–मधेशका १५ जिल्लामा दुई सातासम्म चुनावी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने भएको छ । आइतबार बसेको पार्टी सचिवालय बैठकले सोमबारदेखि मंसिर २५ गतेसम्म प्रशिक्षण कार्यक्रम विस्तार गर्ने निर्णय गरेको हो । निर्वाचनमुखी प्रशिक्षण बर्दियादेखि बारासम्मका जिल्लामा सञ्चालन गरिने जनमत उपाध्यक्ष वसन्तकुमार कुशवाहाले जानकारी दिए । उनका अनुसार प्रशिक्षण कार्यक्रम प्रभावकारी बनाउन फोकल पर्सनसमेत तोकिएको छ । पार्टीले आगामी कात्तिक १० गते रंगभेद विरुद्ध एकता दिवस मनाउने निर्णय पनि गरेको छ । यस दिन सबै जिल्लाको सदरमुकाममा कार्यक्रम आयोजना गर्न सम्बन्धित संरचनालाई निर्देशन दिइएको बैठक निर्णयमा उल्लेख छ । यस्तै, कात्तिक २८ गतेदेखि पुस २० गतेसम्म सबै जिल्लामा जिल्लास्तरीय चुनावी सभा सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको जनाइएको छ।

# मधेशमा स्वास्थ्य नीति निर्माणका लागि मुख्यमन्त्री यादवको आग्रह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मधेश प्रदेशको समग्र स्वास्थ्यको अवस्थामा सुधारका लागि स्वास्थ्य नीति बनाउन विज्ञहरूसँग आग्रह गरेका छन्।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा जनकपुरधाममा आइतबार भएको तीन दिवसीय वार्षिक समीक्षा कार्यक्रममा उनले स्वास्थ्य नीतिको निर्माणका लागि प्रदेश सरकारबाट पूर्ण साथ र सहयोग रहने बताए।

मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्रको विकास तथा सुधारका लागि तीनै तहको सरकारका बीचमा सहकार्य आवश्यक रहेको बताउँदै मधेश प्रदेशमै उत्कृष्ट तथा नमूना स्वास्थ्य कार्यक्रम सञ्चालन गरेका पालिकालाई सम्मान गर्न पाएकोमा खुशी व्यक्त गरे । मधेश प्रदेशका स्वास्थ्य निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेशका १ सय ३६ पालिकामध्ये उत्कृष्ट स्वास्थ्यको कार्यक्रम सञ्चालन गरेर प्रथम स्थान प्राप्त सर्लाहीको लालबन्दी नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य शाखा प्रमुखलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मान पत्रसहित सम्मानित गरे।

यसैगरी मुख्यमन्त्रीले दोस्रो स्थान प्राप्त गरेका सर्लाहीकै हरिपुर नगरपालिका र तेस्रो स्थान प्राप्त गर्ने सर्लाहीकै विष्णुपुर गाउँपालिकालाई सम्मानित गरे। प्रादेशिक अस्पतालमध्ये गौर अस्पताल प्रथम स्थान प्राप्त गरेको छ भने जलेश्वर दोस्रो तथा सिरहा तेस्रो स्थान प्राप्त गरेको छ । स्वास्थ्य कार्यालयतर्फ पर्सा जिल्ला प्रथम, सर्लाही जिल्ला द्वितीय र महोत्तरी जिल्ला तृतीय स्थान प्राप्त गरेका छन्।

यसैगरी, आयुर्वेदतर्फ पर्सा जिल्ला प्रथम, बारा द्वितीय तथा महोत्तरी तृतीय भएको छ । संस्थागत अस्पतालमा बर्दिबास अस्पताल प्रथम भएको छ । पुरस्कृत सबैलाई मुख्यमन्त्री यादवले दोसल्ला ओढाएर सम्मान पत्रसहित सम्मानित गरे । कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य क्षेत्रका विज्ञहरू, दातृ निकायका प्रमुखहरू, स्वास्थ्य संस्थाका प्रमुखहरू सहभागी थिए।

# अवैध भाडामा लगाउने नौ जनाविरुद्ध मुद्दा दायर

**काठमाडौँ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कास्कीस्थित राष्ट्रिय माध्यमिक विद्यालयको सार्वजनिक सम्पत्ति निजी बोर्डिङ स्कुललाई अवैध रूपमा भाडामा दिई दुरुपयोग गरेको आरोपमा आइतबार नौ जनाविरुद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ।

आयोगका प्रवक्ता राजेद्रकुमार पौडेलका अनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, समितिका पदेन सदस्य पोखरा महानगरपालिका–१ का वडाअध्यक्ष शाहारा प्रधानसहित पाँच सदस्यले अञ्जुली आवासीय माध्यमिक विद्यालयलाई सार्वजनिक सम्पत्ति १२ वर्षका लागि अवैध रूपमा भाडामा दिने निर्णय गरेका आरेप छ । उक्त कार्यमा बोर्डिङ स्कुलका सञ्चालक राजु केसी र प्रिन्सिपल सुनिता कुँवर केसी पनि संलग्न रहेको आयोगको ठहर छ । विद्यालय व्यवस्थापन समितिले स्थलगत अध्ययन प्रतिवेदनमार्फत पहिलोपटक ३० वर्षका लागि भाडामा दिन सिफारिस गरेको तथा विसं २०८० फागुन २६ गते सदस्यसचिवको अनुपस्थितिमा बसेको बैठकबाट १२ वर्षका लागि भाडामा दिने निर्णय गरिएको आयोगले जनाएको छ। सोही आधारमा त्यही वर्ष फागुन २९ गते दुवै पक्षबीच सम्झौता भई चैत १ गतेदेखि लागू गरिएको थियो ।पोखरा महानगरपालिका शिक्षा महाशाखाको प्रतिवेदन र वडा नं १ का वडाध्यक्षले करार खारेज गर्न दिएको निर्देशनले पनि सम्झौता कानुन विपरीत रहेको पुष्टि भएको आयोगले जनाएको छ। सम्झौताअनुरूप विद्यालयको नाम–छाप प्रयोग गरी अञ्जुली आवासीय माध्यमिक विद्यालयबाट १५ लाख २९ हजार ४ सय ८ रुपैयाँ सङ्कलन गरी सार्वजनिक सम्पत्ति दुरुपयोग गरिएकाले सोही बराबरको बिगोसहित कारबाही माग गर्दै आरोपपत्र दायर गरिएको प्रवक्ता पौडेलले जानकारी दिए।

आयोगले विद्यालय व्यवस्थापन समितिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा गलत प्रतिवेदन उपलब्ध गराएको अभियोगमा दफा १९(२) बमोजिम सजाय मागदाबी गरेको छ । यस्तै, बोर्डिङ स्कुलका सञ्चालक तथा प्रिन्सिपललाई अवैध लाभ लिएकाले मतियारका रूपमा दफा २२ बमोजिम सजाय माग गरिएको छ।



सीताराम विवाह पञ्चमी महोत्सवलाई लिएर सजिएको जानकी मन्दिर ।

# रजिस्टरमा विद्यार्थी देखाएर सेवा सुविधा लिएर बदमासी

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज नगर क्षेत्र भित्रकै विद्यालयमा सरकारले शिक्षामा गरेको लगानी बालुवामा पानी खन्याए सरह भएको छ । सरकारले स्थानीय तहलाई शिक्षा हेर्ने जिम्मेवारी सुम्पिएसँगै स्थानीय तहको लापरबाही बढ्दै जाँदा कागजमा विद्यार्थी संख्या देखाउने तर यता कक्षा कोठामा भने विद्यार्थी नहुने भेटिएको छ।

वीरगंज महानगरपालिका वडा नम्बर ३१ अन्तर्गत रहेका केही सामुदायिक विद्यालयले विद्यार्थी संख्या बढाएर सेवा सुविधा उपभोग गर्दै आएको भए पनि विद्यालयको अनुगमन गर्दा विद्यार्थी कक्षा कोठामा उपस्थित नदेखिएको स्वयम् स्थानीय जनप्रतिनिधि बताउँछन्।

वीरगंज महानगरपालिका वडा नम्बर ३१ का अध्यक्ष जीतेन्द्र यादवले आइतबार वडामा रहेका सामुदायिक विद्यालय अनुगमन गर्दा दुईवटा विद्यालय भद्रगोल अवस्थामा सञ्चालित रहेको पाइएको बताए । वडाको उन्नति प्राथमिक विद्यालय इस्लामपुरमा विद्यार्थी संख्या हाजिरी रजिस्टरमा बढी देखाएर शिक्षाबाट पाइने सेवा सुविधा प्रधानाध्यापकले लिएर दुरुपयोग गरेको पाइएको यादवले जानकारी दिए।

अनुगमनका क्रममा बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थी एउटै कक्षाकोठामा बसेर अध्ययन गरिरहेको भेटिएको र एक देखि ५ कक्षा सम्म २ सय जना भन्दा बढी विद्यार्थी भएको हाजिरी रजिस्टरमा देखाइए पनि कक्षा कोठामा भने जम्मा २१ जना विद्यार्थी उपस्थिति रहेको भेटिएको छ। विद्यालयमा विद्यार्थीहरू अनुपस्थित रहेसरह शिक्षकहरू पनि अनुपस्थित थिए। विद्यालयमा उपस्थित शिक्षिका आरती कुमारीले हाल विद्यालयमा १ देखि ५ कक्षासम्म मात्रै २०–२१ जना विद्यार्थी पठनपाठनका लागि विद्यालयमा आउने गरेको बताए।

उनले अभिभावकले विद्यालय नपठाउने गरेको बताउँदै अल्पसंख्यक मुस्लिम समुदायको बाहुल्य रहेकोले विद्यालयमा भर्ना जनाएका विद्यार्थी नजिकका मदरसामा पढ्न जाने गरेको खुलासा गरे । यसैगरी, सोही वडाको बेलवा टोलमा रहेको श्रीराम जानकी आधारभूत विद्यालयको अवस्था पनि त्यस्तै छ।

यस विद्यालयमा पनि एउटै कक्षामा १, २, ३ कक्षाका विद्यार्थी अध्ययन गर्दै आएका छन् । सानो कक्षामा शुरुमा भर्ना बढी देखाएर कागजी रुपमा सरकारी सेवा सुविधा लिँदै आएका विद्यालयमा स्थानीय तहले माथिल्लोस्तरबाट अनुगमन नगर्दा समस्या भएको हो।

वडाअध्यक्ष यादवले विद्यालयका प्रअहरूले शिक्षामा ध्यान दिनुको साटो महानगरको शिक्षा महाशाखामा सेटिङ मिलाएर अनियमिततालाई बढावा दिँदै आएको आरोप लगाए।

# दुर्घटनामा श्रीमतीको मृत्यु श्रीमान गम्भीर

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिकामा आइतबार बिहानै भएको दुर्घटनामा श्रीमतीको मृत्यु भएको छ भने श्रीमान गम्भीर घाइते भएका छन्।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका अनुसार ढल्केवर–जनकपुरधाम राजमार्गअन्तर्गत मिथिला नगरपालिका–२ हजराचोक नकटाझिझा सडकखण्डमा साइकलमा सवार दम्पतीलाई जनकपुरधामबाट ढल्केवरतर्फ तीव्र गतिमा जाँदै गरेको बाप्र०१–०३१ च २०३६ नम्बरको कारले ठक्कर दिदा दुर्घटना भएको को थियो।

दुर्घटनामा मिथिला नगरपालिका–१ लक्ष्मीनिवासका ५० वर्षीय राजकुमार महतो गम्भीर घाइते भएका छन् भने उनकी ४६ वर्षीया पत्नी सुमित्रा देवी महतोको घटनास्थलमै मृत्यु भएको प्रहरीको भनाइ छ।

दुर्घटनापछि स्थानीयवासी र प्रहरीको सहयोगमा घाइते राजकुमार महतोलाई उद्धार गरी उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पताल पठाइएका थिए । कार चालक सर्लाही, लालबन्दी नगरपालिका–६ निवासी १८ वर्षीय दिवस कार्कीलाई कारसहित नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान अघि बढाएको छ । प्रारम्भिक अनुसन्धानबाट अत्याधिक गतिका कारण दुर्घटना भएको देखिएको प्रहरीले जनाएको छ।

# थपिए ११ हजार ४३७ मतदाता

**सिरहा।**
सिरहामा ११ हजार ४३७ नयाँ मतदाता थपिएका छन् । पछिल्लो पटक तोकिएको मतदाता नामावली दर्ता गर्ने अन्तिम दिन शुक्रबारसम्ममा सो संख्यामा मतदाता थपिएका हुन्। सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्नेगरी समय निर्धारण गरेपछि गत असोज दोस्रो सातादेखि फोटोसहितको मतदाता नामावली दर्ता गर्न शुरु गरिएको थियो । जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख गणपैत यादवका अनुसार जिल्ला निर्वाचन कार्यालयबाट नौ हजार १३७ र राष्ट्रिय परिचयपत्रको माध्यमबाट दुई हजार २ सय ९० जनाले नाम दर्ता गराएका हुन् । यो सहित अब जिल्लामा मतदाताको संख्या चार लाख ४३ हजार ४० पुगेको छ।

पछिल्लो मतदाता नामावलीमा नाम दर्ता भएकामध्ये आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न योग्य मतदाताको विवरण छुट्याउनलाई भने केही समय लाग्ने निमित्त प्रमुख यादवले बताए।

# १६,८७७ नयाँ मतदाता थपिए

**मधेशदृष्टि**
**रौतहट।**
आसन्न प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा रौतहटमा मतदाता नामावली अद्यावधिक अभियान सम्पन्न भएको छ । असोज १० गतेदेखि मङ्सिर ५ गतेसम्म चलाइएको अद्यावधिक अवधिमा जिल्लामा १६ हजार ८ सय ७७ नयाँ मतदाताको नाम समावेश भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दासले जानकारी दिए।

अद्यावधिक अवधिमा प्रत्यक्षरूपमा जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई नाम दर्ता गराउने ६ हजार ६ सय ९९ जना छन् । प्रत्यक्ष रूपमा उपस्थिति भई नाम दर्ता गराइनेमा ३ हजार ८ सय १७ पुरुष, २ हजार ८ सय ८२ महिला र १ जना अन्य रहेको प्रमुख दासले बताए।

यस्तै राष्ट्रिय परिचयपत्रमार्फत प्राप्त १० हजार १ सय ७८ आवेदनमध्ये सबै स्वीकृत भएको छ। प्रत्यक्ष दर्ता र एनआइडी दुवै प्रक्रियाबाट आएको आवेदन मिलाएर कुल १६ हजार ८ सय ७७ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख दासले जानकारी दिए।

अद्यावधिक अवधिमा ५ सय ८७ जनाको मतदान केन्द्र स्थान परिवर्तन गरिएको पनि उनले बताए।

रौतहटमा यसअघि ४ लाख २१ हजार ६ सय ९३ मतदाता दर्ता थिए। हाल थपिएका १६ हजार ८ सय ७७ नयाँ नामसँगै जिल्लाको कुल मतदाता संख्या ४ लाख ३८ हजार ५ सय ७० पुगेको प्रमुख दासले जानकारी दिए। आगामी निर्वाचनमा सहभागिता र मतदाताको पहुँचलाई सहज बनाउने लक्ष्य अनुसार अद्यावधिक कार्यलाई सफल मानिएको छ।



बहुदरमाइ नगरपालिकाको अनुरोध

- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र सम्बन्धित पालिकाको वडा कार्यालयमा व्यक्तिगत घटना दर्ता गरौं ।
- विकास निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सद्भाव, समन्वय र सहकार्यका साथ अघि बढौं ।
- कृषिकार्यलाई आधुनिक एवम् व्यावसायिक ढंगले गरी खाद्य सुरक्षामा योगदान पुर्याऔं ।
- पालिकालाई बुझाउनुपर्ने घरजग्गा, मालपोत, व्यवसाय आदि कर समयमै बुझाऔं ।
- आफ्नो घरआँगनबाट उत्पन्न हुने फोहोरलाई व्यवस्थित तरिकाले विसर्जन गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- बालविवाहजस्ता कुरीति, लागुऔषध दुर्व्यसन, मद्यपान तथा धुमपानजस्ता लतबाट जोगिऔं ।
- स्वस्थ आहार गरौं र नैतिक आचारको पालना गरौं ।

जनहितमा जारी सन्देश

बहुदरमाइ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडारी, पर्सा , मधेश प्रदेश, नेपाल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन